# परिच्छेदः एक

# परिचय

## १.१. अध्ययनको पृष्ठमूमि

मानव विकासको सवै भन्दा महत्वपूर्ण कडीको रुपमा रहेको शिक्षाले विकासको आधारभूत जगको रुपमा कार्य गरी सचेत,सक्षम र सुसूचित नागरिक तयार गर्दै मानवीय क्षमता अभिवृद्धिकालागि प्रमुख भूमिका निर्वाह गर्छ । शिक्षा पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । शैक्षिक तथ्याङ्कअनुसार नेपालमा कक्षा १ मा भर्ना भएका मध्ये करिब २० प्रतिशतले मात्र कक्षा १० पार गर्छन भने ४० प्रतिशत नेपाली निरक्षर छन् । विद्यालय उमेरका ११ प्रतिशत बालबालिका विद्यालय शिक्षाबाट वाहिर छन् । ५० प्रतिशत भन्दा बढी महिलाको जनसंख्या भएको नेपालमा १२,७०,८३१ बालिका विद्यालय वाहिर छन् । दलित बालबालिकाको सार्वजनिक विद्यालयमा पहुँच सरल,सहज र समान हुन सकिरहेको छैन । विभेदयुक्त व्यवहार,गरिवी तथा कमजोर मानसिकताका कारण ठूलो संख्यामा दलित बालबालिकाहरु विद्यालय शिक्षाबाट बाहिरिएको अवस्था छ (विद्यालय शिक्षा सम्बन्धी सूचना संगालो, २०६३) । शिक्षाको समान वितरण एवं समयसापेक्ष विकास र विस्तार हुन नसकेकोले देशका सवै वर्ग, वर्ण, जाति ,लिंगका मानिसहरु शिक्षाको पहुँचमा आउन सकेका छैनन् । सवैका लागि शिक्षा र विकासको निमित्त शिक्षा अनि शिक्षा नैसर्गिक अधिकार भन्ने बर्तमानमा विकसित अवधारणाहरुलाई आत्मसात गरी शिक्षालाई राष्ट्रको यथार्थ आवश्यकतासंग गाँसेर उपलब्ध स्रोत ,साधनको समुचित प्रयोगबाट मात्र मुलुकको विकासलाई अघि बढाउन सकिन्छ । शिक्षालाई सबैको पहुँचयोग्य बनाउन नेपालमा विभिन्न प्रयासहरु भएका छन तर यति मात्र पर्याप्त छैन । जबसम्म बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याई समान रुपमा लाभान्वित गर्न सकिदैन तबसम्म सचेत,समुन्नत र परिवर्तनकामी सुसंस्कृत समाजको परिकल्पना गर्न सकिदैन (शिक्षा विभाग, २०६४) ।

नेपालको सन्दर्भमा शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गरी सबैलाई शिक्षाको मूल प्रबाहमा समाहित गर्न बिभिन्न शैक्षिक योजना र कार्यक्रमहरु लागु भएका छन् । त्यस्ता कार्यक्रमहरु मध्ये छात्रबृत्ति कार्यक्रम पनि एक हो । नेपालको इतिहासमा प्राचीन समय देखि नै शिक्षा विकासको निमित्त प्रयासहरु हुँदै आएको पाइन्छ । श्री ५ पृथ्वीनारायण शाहको पालामा शिक्षाको विकास तथा विस्तार गर्न छात्रवृत्तिको ब्यवस्था गरी राष्ट्रिय ढुकुटी खर्च गरेर

वुद्धिमान सिंह लाई भारतमा फारसी पढ्न पठाइएको पाइन्छ । गुणस्तरीय शिक्षामा सवैको सहभागिता सुनिश्चित गर्न समतामूलक, समावेसी शिक्षाको प्रबर्द्धन गर्नु आवश्यक भएको र विश्वका हरेक राष्ट्रले शिक्षा र शिक्षाको समान वितरणलाई महत्वपूर्ण आधार मानी शिक्षालाई उच्च प्राथमिकता दिइरहेको परिप्रेक्ष्यमा नेपालले अन्तरराष्ट्रिय समुदाय समक्ष सन् २०१५ सम्ममा 'सवैका लागि शिक्षा' लाई अंगिकार गर्ने प्रतिवद्धता सन १९९० मा थाइल्याण्डमा र सन् २००० मा डाकारमा भएको शिक्षा सम्बन्धी सम्मेलनमा दर्शाएको छ युनेस्को । त्यस्तै युनेस्को ले शिक्षालाई न्यूनतम आधारभूत आवश्यकताको रुपमा प्रस्तुत गरेको ३ दशक पुगिसकेको सन्दर्भमा नेपालले शिक्षा क्षेत्रमा गर्ने खर्च बढाउँदै लगेर राष्ट्रिय बजेटको १७ प्रतिशत सम्म विनियोजन गरेको छ । आधारभूत शिक्षा/ प्राथमिक तहको शिक्षाको निमित्त शिक्षा क्षेत्रमा छुट्याइएको कूल बजेटको ५५ प्रतिशत भन्दा बढी रकम खर्च हुँदै आएको छ । यसरी नै प्राथमिक तहका विद्यार्थीको निमित्त सकारात्मक विभेदका रुपमा व्यवस्था गरिएको छात्रवृत्तिको रकममा पनि केहिमात्रामा बृद्धि गरिएको छ । लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजनामा प्रोत्साहन तथा सहयोग अन्तर्गत हाल कार्यान्वयन भइरहेको छात्रबृत्ति कार्यक्रमको प्रभावकारिता सम्बन्धी मूल्याङ्कन अध्ययन गरी सो अध्ययनले सिफारिस गरेअनुरुप (खासगरी बालिकाहरु तथा सुबिधा बिहीन बालबालिकाहरुका लागि ) बिभिन्न प्रभावकारी छात्रबृत्ति तथा प्रोत्साहन योजनाहरु परीक्षण गरी शैक्षिक सुबिधा सेवा कार्यक्रमलाई बिस्तार गरिने कुरा उल्लेख गरिएको छ ।

नेपालमा पिछडिएको जाति ,बर्ग समुदाय र जेहेन्दार विद्यार्थीको लागि कुनै न कुनै रुपमा छात्रवृत्ति वा निःशुल्क अध्ययनको ब्यवस्था गर्ने नीतिगत ब्यवस्था २००८ साल देखि नै सुरु भएको पाइन्छ । योजनावद्ध विकासको सुरुवात वि.स.२०१३ सालमा भएपछि प्रत्येक योजनामा शिक्षासंग सम्बद्ध नीति कार्यक्रममा यस प्रकारको ब्यवस्था हुनेगरेको पाइन्छ । नवौं पञ्चवर्षीय योजनामा छात्राहरुको भर्नादर बढाउने विभिन्न प्रयासहरु गर्ने कुरा उल्लेख छ । दशौं पञ्चवर्षीय योजना (२०५९ – ०६४) मा सवैका लागि शिक्षा को सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरहरुमा पहुँच बढाउन विशेष ब्यवस्था गर्ने उद्देश्य राखेको पाइन्छ (दशौं पञ्चबर्षीय योजना (२०५९ – ०६४) उक्त उद्देश्य पुरागर्न दशौं योजना अवधिभरमा प्राथिमक तहको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला,दलित,पिछडिएको बर्ग जनजाति, अपाङ्ग तथा आर्थिक रुपले पिछडिएको बर्गका

बालबालिकालाई छात्रवृत्रि दिने, ५० हजार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने– जसमा छात्रा , पिछडिएको जनजाति र दलितलाई प्राथमिकता दिने लक्ष्य राखिएको छ ।

त्रिवर्षीय अन्तरिम योजना (२०६४ – ०६७) मा लक्षित समुदायको विद्यालय तहदेखि उच्च शिक्षामा भर्ना र निरन्तरताको लागि छात्रवृत्ति जस्ता आर्थिक तथा अन्य सहुलियत विस्तार गर्ने रणनीति अनुरुप दलित परिवारका ७,९०,०००।– बालबालिका र ३१,८०,०००।– छात्रालाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम राखिएको छ ।

राष्ट्रिय छात्रवृत्ति कार्यक्रम अन्तर्गतका तथा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम अन्तर्गत वितरण गरिने विभिन्न छात्रवृत्तिहरु मध्ये आ.ब. २०५२/०५३ देखि देशका सवै जिल्लामा वितरण गरिदै आएको दलित छात्रवृत्ति पाँचथर जिल्लामा पनि दलित समुदायका बालबालिकालाई तथा ५० प्रतिशत छात्रा छात्रवृत्ति विभिन्न विद्यालयका छात्रालाई कोटाको आधारमा प्रदान गरिदै आएको छ । पिछडिएका ,गरिव , दलित तथा सुबिधा विहीन बालबालिकाहरुलाई प्राथमिक शिक्षामा पहुँच पु¥याउने उद्देश्यले कक्षा १ देखि ५ मा अध्ययनरत कूल छात्रा मध्ये ५० प्रतिशतलाई पुग्ने गरी सकारात्मक विभेदका आधारमा वितरण गर्न सकिने तथा सम्पूर्ण दलित विद्यार्थीलाई वितरण गरिने छात्रवृत्तिका कारण लक्षित वर्गको भर्नादर, टिकाउदर वृद्धि तथा उत्तीर्णदरमा सुधार आएको अवस्था छ । तथापि यस छात्रवृत्ति कार्यक्रमको प्रभावले सम्पूर्ण लक्षित बालवालिकाहरुको पहुँचलाई सम्वोधन गर्न नसकेको गुनासो आइरहेको, छात्रवृत्तिका लागि ५० प्रतिशत छात्रा छनौट गर्न , आर्थिक , सामाजिक अवस्थाबाट पिछडिएका गरिव छुट\याउने बस्तुगत आधार नभएको एवम् छात्रवृत्तिको रकम र कोटा पर्याप्त नहुँदा कठिनाइ उत्पन्न भएको छ । यस्तो अवस्थामा यो कार्यक्रम सवै सरोकारवालाको चासोको विषय वनेको छ । यस प्रकार पाँचथरको पृथ्वी उच्च मा.वि. यासोक स्रोतकेन्द्रमा प्राथमिक विद्यालय तहमा वितरित दलित छात्रवृत्ति तथा ५० प्रतिशत छात्रा छात्रवृत्तिको प्रभावकारितालाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

## १.२. समस्याको कथन

विकासको आधारभूत तत्व अनि समाज र राष्ट्रको विकासको मेरुदण्डको रुपमा रहेको शिक्षा बालबालिकाको जन्मसिद्ध अधिकार हो भन्ने कुरा नेपालको अन्तरीम संविधान २०६३ ले समेत उल्लेख गरेबाट यसको आवश्यकता र महत्व पुष्टि हुन्छ । यस सन्दर्भमा राष्ट्रका सम्पूर्ण बालबालिकालाई न्यूनतम शिक्षाको ब्यवस्था गर्नु राज्यको दायित्व हुन आउँछ । नेपालको शैक्षिक तथ्याङ्क अनुसार अझै पनि ११ बालबालिका विद्यालयीय शिक्षामा समाहित

हुन नसकिरहेको  देखिन्छ । बर्तमान अवस्थामा समेत गरिव,असहाय, दलित बालबालिकाको शिक्षामा पहुँच कम रहेको, विद्यालयमा भर्ना भएर पढ्ने रहर हुँदाहुँदै पनि आर्थिक बिपन्नता,चेतनाको कमी र अन्य विविध कारणबस विद्यालयीय शिक्षा पूरा नगरी वीचमानै छाड्ने क्रम रहेको र सो क्रम रोकी शिक्षामा सहभागिता तथा पहुँच बढाउन सहायक एवम् उत्प्रेरकको रुपमा वितरित छात्रवृत्तिले शैक्षिक उपलब्धिमा पारेको प्रभावको सही र प्रभावकारी मापन नहुनु, 'सबैको लागि शिक्षा' (सन् २०१५) भन्ने आदर्श बाक्यलाई कार्यान्वयन गर्न नेपाल सरकारले प्रतिवद्धता गरिसकेको भएतापनि अझै धेरै बालबालिका विद्यालयीय शिक्षामा समेटिन नसक्नु , वितरित छात्रवृत्तिको प्रभावकारिता अपेक्षित रुपमा नवढ्नु, विद्यालयमा भर्ना भएका मध्ये सवैले तह पुरा नगरी बाहिरिनु, उल्लेख्य संख्यामा निरक्षरहरु रहनु, छात्रवृत्ति वितरणमा निश्चित प्रभावकारी आधार एवम् सही प्रक्रिया नअपनाइनु यस अध्ययनको मुख्य समस्या हो ।

सवैका लागि शिक्षा -२००४–२००९) का ३ वटा प्रमुख उद्देश्यहरु मध्ये प्राथमिक शिक्षामा पहुँच र समताको सुनिश्चितता  एक प्रमुख उद्देश्य हो । पहुँचमा सुनिश्चितता अभिवृद्धि गर्ने उद्देश्यलेनै वालिका , दलित, गरिव, द्वन्द्व पीडित तथा पिछडिएका र सुविधाविहीन वर्गका शैक्षिक समस्याहरुलाई सम्वोधन गर्ने गरी प्राथमिक तहमा सवैका लागि शिक्षा  कार्यक्रम अन्तर्गत छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिएको छ । प्राथमिक तहमा वितरित विविध प्रकृतिका छात्रवृत्ति कार्यक्रम सम्वन्धमा केही अध्ययन अनुसन्धान भएका छन् ता पनि तत्कालीन अवस्थामा गरिएका ती अध्ययनले ती कार्यक्रमको मर्म र उद्देश्य पूरा भए नभएको एवम् तिनिहरुको प्रभावकारी अनुगमनकाबारेमा थप अध्ययन गर्नु आवश्यक महशुश भएको छ ।

सन् १९४८ मा संयुक्त राष्ट्र संघद्वारा जारी मानव अधिकार सम्बन्धी विश्वब्यापी घोषणा पत्रको धारा २६ मा विश्वका कुनै पनि मुलुकका जनतालाई न्यूनतम आधारभूत शिक्षा प्राप्त गर्ने अधिकार छ भनी उल्लेख भएको ५० बर्ष वितिसक्दा समेत संयुक्तराष्ट्र संघको सदस्य राष्ट्र नेपालमा सरकारी तवरबाट विभिन्न किसिमका छात्रवृत्ति प्रदान गरिदै आएको भएता पनि अझै सम्म धेरै बालबालिका विद्यालयीय आधारभूत शिक्षा/ प्राथमिक तहको शिक्षाको अवसरबाट बञ्चित रहनु, छात्रवृत्ति सम्बन्धी प्रभावकारी अनुगमन हुन नसक्नु,प्रभावकारी एवं सही वितरण प्रणाली अपनाउन नसक्नु,स्पष्ट निर्देशन,नीति नियमको अभाव ,प्रचार प्रसारको कमी, समयमा सही संख्यामा, वढ्दो महंगी एवं आवश्यकता अनुकूल पर्याप्त रकम

वितरण हुन नसक्नु ,छात्रवृत्तिको उद्देश्य र महत्वबारे अभिभावक एवं सम्बन्धित सरोकारवालामा चेतना र चासोको कमीको कारण सही ज्ञान एवं विस्तृत जानकारी नहुनु जस्ता समस्याहरु समेत विद्यमान रहेको सन्दर्भमा प्राथमिक तहमा वितरित छात्रवृत्तिले बालबालिकाको सिकाइ उपलब्धि र शैक्षिक सहभागिता वृद्धि गर्ने तथा सर्वाङ्गीण विकास गर्ने उद्देश्यले सञ्चालित यस छात्रवृत्ति कार्यक्रमका उद्देश्य के कति पूरा भएका छन ? के यसले सिकाइ उपलब्धि एवम् उपस्थिति बढाएको छ ?, के कति विद्यार्थीले दलित एवम् छात्रा छात्रवृत्ति पाएका छन ?, छात्रवृत्ति रकम र कोटा पर्याप्त छ त ?, वितरण प्रक्रिया , वितरणको समय र तरिका - नगद वा सामग्री) उपयुक्त छ ?, छात्रवृत्ति वितरणका समस्या के के छन तथा यस कार्यक्रममा कस्तो सुधारको आवश्यकता छ भन्ने विषयमा अध्ययन गर्नु अति आवस्यक ठानिएको छ ।

## १.३. अध्ययनको औचित्य

नेपालमा अझसम्म ११ प्रतिशत प्राथमिक विद्यालय उमेर समूहका बालबालिका विद्यालय शिक्षाबाट बाहिर रहेको कुरा विभिन्न अध्ययनबाट प्राप्त तथ्याङ्कले देखाएको छ । कक्षा छाड्ने , दोहोर्‍याउने र न्यून उपलब्धि हासिल गर्ने दर पनि बढी नै छ । त्यसमा पनि दलित र छात्राहरुमा यो दर अझ बढी छ । यस सन्दर्भमा दलित एवम् ५० प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमले सकारात्मक प्रभाव पार्न सक्छ तथापि लक्षित वर्गलाई पूर्ण रुपमा सम्वोधन गर्नेगरी यस कार्यक्रमले प्रभावकारिता हासिल गर्न सकिरहेको अवस्था छैन ।

बर्तमानको छात्रवृत्ति वितरण प्रक्रिया पुनरावलोकन गरी यसले शैक्षिक गुणस्स्तर वृद्धि गर्न, विद्यार्थी भर्ना एवं टिकाउदर वृद्धिमा पुर्‍याएको सहयोग अध्ययन गर्नु आवश्यक भएको छ । यस अधिका र यस सम्बन्धमा भएका अध्ययन अनुसन्धानले यी सबै पक्ष समेटेको नपाइएको हुँदा यस विषयमा अध्ययन खोज गर्नु औचित्यपूर्ण भएकोले प्रस्तुत शोधमा आफ्नो अध्ययनलाई यस पक्षमा केन्द्रित गर्ने प्रयास गरिएको छ । छात्रवृत्तिका विभिन्न कार्यक्रम संचालन हुँदैआईरहेको भएतापनि कार्यक्रम ल्याउँदा राखिएका शैक्षिक सहभागिता र गुणस्तर एवं नियमीतता वृद्धि गर्ने उद्देश्य पुरा हुन नसकिरहेको वर्तमान अवस्थामा किन यस्तो भईरहेको छ, के कमजोरी छ र सुधारको लागि के गर्नु पर्छ भन्ने पत्ता लगाएर आवश्यक सुधारको लागि सम्वन्धीत पक्षलाई सुझाउनु अत्यावश्यक भएकोले यसको लागि 'छात्रवृत्तिले सिकाई उपलब्धिमा पारेको प्रभाव' शीर्षको यो अध्ययन गरिएको छ ।

यस अध्ययनले छात्रवृत्ति कार्यक्रमसंग सम्बन्धित कमजोर पक्षहरुको पहिचान गरी विद्यमान कमी कमजोरी हटाएर दलित र ५० प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमलाई अझ प्रभावकारी बनाउन शिक्षा योजनाकार, नीति निर्माता, दातृ निकाय तथा संबद्ध सरोकारवालाहरुलाई महत्वपूर्ण आधार तथा सूचना प्रदान गर्छ । यस कार्यक्रमको प्रभावकारिता वृद्धि गरी सम्बन्धित विद्यार्थीको सिकाइ उपलब्धिमा अझ वृद्धि गर्न यो अध्ययन औचित्यपूर्ण हुनेछ । यस अध्ययनबाट शिक्षा क्षेत्रमा लगानी गर्न चाहने लागानी कर्ता,सरोकारवाला,शिक्षाविद् यस सम्बन्धमा अध्ययन गर्न चाहने शिक्षक,विद्यार्थी र चासो राख्ने सवैलाई तथा सम्बन्धित सरोकारवाला जिल्ला शिक्षा कार्यालय, शिक्षाविद्, विशेषज्ञ अनि थप अनुसन्धानको लागि अन्य अनुसन्धानकर्तालाई समेत सहयोग पुग्नेछ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनमा निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएका छन् :

क) छात्रवृत्ति कार्यक्रमले विद्यार्थी नियमिततामा पारेको प्रभाव लेखाजोखा गर्नु ।

ख) छात्रवृत्ति वितरण प्रकृयाले पारेको प्रभाव अध्ययन गर्नु ।

ग) छात्रवृत्तिले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्नु ।

घ) छात्रवृत्ति वितरण प्रक्रियामा देखिएका समस्याहरुको समाधानका उपायहरु सुझाउनु ।

## १.५. अनुसन्धानका प्रश्नहरु

यस अध्ययनको उद्देश्य प्राप्त गर्नको निमित्त निम्न अनुसन्धानात्मक प्रश्नहरु राखिएको छन् ।

क) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट प्रकृया कस्तो छ ?

ख) दलित एवम् छात्रा छात्रवृत्तिले विद्यार्थी नियमिततामा कस्तो प्रभाव पारेको छ ?

ग) छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरुको उपस्थिति र सिकाई उपलब्धिमा कस्तो र के भिन्नता छ ?

घ) छात्रवृत्ति कार्यक्रमलाई अझ प्रभावकारी पार्न कुन पक्षमा ध्यान दिनु आवश्यक छ ?

## १.६. अध्ययनको परिसीमा

समय, साधन र आर्थिक अभावका कारण यस अनुसन्धानलाई निम्नानुसारको परिसीमा भित्र रहेर गरिएको छ :

क) प्राथमिक तहमा सरकारी तवरबाट वितरण गरिने दलित र ५०% छात्रा छात्रवृत्तिको मात्र अध्ययन गरिनेछ ।

ख) कक्षा १ देखि ५ सम्म सञ्चालित प्रा.वि. लाई मात्र अध्ययनको लागि छनौट गरिएकोछ ।

ग) यस अध्ययनमा पाँचथर जिल्ला पृथ्वी उ.मा.वि.यासोक स्रोतकेन्द्र अन्तर्गत स्वीकृत सामुदायिक प्राथमिक विद्यालय मध्ये ५ प्रा.वि. लाई आधारभूत तथ्याङ्क र सङ्कलन गर्ने अध्ययन क्षेत्रको रुपमा लिइएको छ ।

घ) प्रभावकारिता अध्ययन गर्नका लागि द्वितीय तथ्याङ्क अन्तर्गत छात्रवृत्ति पाउने , लगातार छात्रवृत्ति पाउने र अन्य विद्यार्थीको हाजिरी, सिकाइ उपलब्धि, कक्षोन्नतिको स्थितिलाई आधार बनाइएको छ । सिकाइ उपलब्धिको अध्ययन गर्न कक्षा ५ को २०६६ सालको नेपाली,अंग्रेजी,गणित विषयको मात्र आधार लिइएको छ । प्राथमिक तथ्याङ्क अन्तर्गत लक्षित विद्यार्थी छनौटका आधारहरु, छनौट गर्ने ढाँचा, वितरण गर्ने समय, छात्रवृत्ति सम्बन्धी जागरण, वितरण प्रक्रिया, छात्रवृत्तिको प्रयोग र उपयोगिता,रकमको पर्याप्तता / अपर्याप्तता जस्ता पक्षहरुलाई समेटिएको छ ।

ङ) अध्ययनबाट प्राप्त हुने निष्कर्षलाई त्यस्तै परिवेशका अन्य क्षेत्रमा सीमित मात्रामा सामान्यीकरण गर्न सकिने छ ।

## १.७. शब्दावलीहरुको परिभाषा

यस अध्ययनमा निम्न शब्दहरुको निम्न बमोजिमको अर्थमा प्रयोग भएको छ :

अ) सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय ।

आ) सिकाइ उपलब्धि : विषयगत रुपमा विद्यार्थीहरुले परीक्षामा ल्याएको प्राप्ताङ्कको औसत ।

इ) छात्रवृत्ति : शिक्षामन्त्रालयले प्राथमिक विद्यालय तहका बालबालिकाहरुको निमित्त प्रदान गरिने रकम ।

ई) प्राथमिक विद्यालय : कक्षा १ देखि ५ सम्म पढाइने विद्यालय ।

उ) दलित छात्रवृत्ति : नेपाल सरकारले दलित सूचीमा सूचिकृत गरेका कामी,दमाई,सार्की आदि जातिका बालबालिकालाई दिइने छात्रवृत्ति ।

ऊ) छात्रा छात्रवृत्ति : शिक्षा मन्त्रालयले प्राथमिक तहमा अध्ययनरत छात्रा संख्याको ५० प्रतिशत गरिव तथा जेहेन्दार संख्यालाई लक्ष्य गरी प्रदान गरिने छात्रवृत्ति ।

ए) टिकाउदर : विद्यालयको पहिलो कक्षा (कक्षा १ )मा भर्ना भएका विद्यार्थीहरु प्राथमिक विद्यालयको अन्तिम कक्षा ( कक्षा ५ ) सम्म भर्ना भएका संख्यामा विद्यालय नछाडिकन रहने दर ।

ऐ) तथ्याङ्क विवरण फाराम : शिक्षा मन्त्रालयले विद्यालयबाट प्रत्येक बर्ष २ पटक भराउने विद्यार्थी विवरण तथा आर्थिक ,भौतिक विवरण सम्बन्धी फाराम ।

ओ) सम्भावनायुक्त नमूना छनौट : स्रोतबाट जुनसुकै पर्न सक्ने गरी गरीने छनौट ।

औ) सुविधाजनक नमूना छनौट : अध्ययनकर्तालाई आफ्नो अध्ययनको उद्देश्य पुरा गर्न सजिलो हुने गरिको नमूना छनौट ।

## १.८. संक्षिप्त शब्दावली :

क) प्रा.वि. : प्राथमिक विद्यालय ।

ख) मा.वि. : माध्यमिक विद्यालय ।

ग) उ.मा.वि. : उच्च माध्यमिक विद्यालय ।

घ) जि.शि.अ.: जिल्ला शिक्षा अधिकारी ।

ङ) वि.नि. : विद्यालय निरीक्षक

च) प्र.अ. : प्रधानाध्यापक ।

छ) आ.ब. आर्थिक बर्ष ।

ज) शै.स. : शैक्षिक सत्र ।

झ) वि.व्य.स. : विद्यालय ब्यवस्थापन समिति ।

ञ) सि.उ.: सिकाइ उपलब्धि ।

ट) जि.शि.का.: जिल्ला शिक्षा कार्यालय ।

ठ) त्रि.वि.: त्रिभुवन विश्व विद्यालय ।

ड) युनेस्कोः संयुक्त राष्ट्र संघिय शैक्षिक, बैज्ञानिक, सांस्कृतिक संगठन

# परिच्छेदः दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

परिवर्तनशील समय र समाजको विकास संगसंगै शिक्षाक्षेत्र र ज्ञान विस्तृत एवम् वृहत हुँदै गइरहेको वर्तमान परिप्रेक्ष्यमा आधुनिक विज्ञान र प्रबिधिको विकासले शिक्षा क्षेत्रमा पनि नयाँ नयाँ अबधारणा र प्रविधिको प्रबेश भएको छ । सिकाइ उपलब्धि सम्बन्धमा थुप्रै अध्ययन अनुसन्धान भएका छन् । सिकाइ उपलब्धिमा प्रभाव पार्ने विविध पक्षहरुमध्येको सिकाइ प्रतिको प्रोत्साहन/छात्रवृत्ति पनि एउटा पक्ष हो । छात्रवृत्तिको प्रभाव सम्बन्धमा पनि केही अध्ययन भएका छन् तर ती अध्ययनले यसको सम्पूर्ण पक्ष समेट्न सकेको छैन । छात्रवृत्तिको स्वरुप,मात्रा, वितरण प्रक्रिया,वितरण गर्दाको छनौटको आधार ब्यवस्थित र प्रभावकारी वनाउन गर्नुपर्ने सुधार सम्बन्धमा भने कमै मात्र अनुसन्धान भएको पाइएको छ भने भएका अनुसन्धानको सन्दर्भ, परिवेश समेत परिवर्तित भइसकेको छ । यसर्थ यसको अध्ययन एवम् अनुसन्धान गर्नु सान्दर्भिक ठहर्छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययनलाई सही ढङ्गले अघि बढाउन र त्यसबाट सही निष्कर्ष प्राप्त गर्न त्यससंग सम्वन्धित साहित्यबाट आधार प्रदान हुन्छ । यस अध्ययनलाई प्रभावकारी बनाउन छात्रवृत्तिले सिकाई उपलब्धिमा पारेको प्रभाव हेर्न छात्रवृत्ति कार्यक्रमसंग सम्वन्धित विभिन्न लेख, रचना, कृतिहरु, तथ्याङ्कहरुको अध्ययन गरिएको छ, जुन निम्नअनुसार छ :

पुडासैनी, मुडभरी ( २०६३), ले शिक्षा विभागद्धारा प्रकाशित विद्यालय शिक्षा सम्बन्धी शैक्षिक सूचना संगालो (२०६३) मा संग्रहित ‘‘सशस्त्र द्वन्द्वको चेपुवामा शिक्षा’’ विषयक लेखमा टर्कीले शिक्षामा लैंगिक विभेद अन्त्य गर्ने’ लक्ष्य बोकी वालिकालाई विद्यालय पठाउन अभिभावकलाई प्रोत्साहित गर्न आर्थिक अनुदान दिने नीति लिएको र विश्वब्यापी चासो बनेको ‘ बालिका शिक्षा ’ लाई जोड दिंदै हाम्रो मुलुक नेपालमा पनि छात्रवृत्ति कार्यक्रम ,भर्ना अभियान तथा तेल वितरण कार्यक्रम लागू गरिएपनि बालिका भर्नादर सन्तोषप्रद नदेखिएको, बालिका भर्नादर ७५.१% मात्र रहेको उल्लेख गरेको छ (पुडासैनी,२०६३) । यसले बालिकालाई शिक्षा प्रति प्रेरित गर्न आर्थिक र भौतिक राहतको आवश्यकता पर्छ भन्ने कुरा देखाएको छ ।

दवाडी (२०६३), ले शिक्षा विभागद्वारा प्रकाशित विद्यालय शिक्षा सम्बन्धी सूचना संगालो– २०६३ मा संग्रहित विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियान र यसको प्रभाव विषयक लेखमा छात्रको खुद भर्नादर ९०.१% तथा छात्राको ८३.४% मात्र रहेको उल्लेख गरेको छ । त्यस्तै भर्ना अभियानले लैंगिक विभेद कम गर्न नसकेको कुरा पुष्टि गर्ने २० वटा जिल्लाको छात्रा खुदभर्नादर राष्ट्रिय औसत भन्दा कम भएको उल्लेख गर्दै भावी कार्यदिशाको रुपमा दलित छात्रवृत्ति र ५०% छात्रा छात्रवृत्तिको संख्यालाई समयोचित रुपमा वृद्धि गरिनु पर्ने तथा परिमाणमा समेत सामयिक वृद्धि गरिनुपर्ने उल्लेख गर्नुभएको छ (दवाडी, २०६३) ।

पाण्डे (२०६३), ले तयार पार्नु भएको, ‘‘बाग्लुङ्ग जिल्लामा प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी नियमितता र शैक्षिक उपलब्धिमा पारेको प्रभाव एक अध्ययन ’’ अप्रकाशित कृति शोधपत्रमा छात्रवृत्तिको कारण विद्यार्थीको नियममितता बढेको, शैक्षिक उपलब्धिमा सुधार आएको र समग्रमा छात्रवृत्तिले राम्रो प्रभाव पारेको तर कोटा संख्या न्यून रहेको तथ्य उल्लेख गर्दै छात्रवृत्ति वितरण गर्दा विद्यार्थी संख्याको आधारमा शैक्षिक सत्रको सुरुमा र वीचमा गरी दुई किस्तामा वितरण गरिनुपर्ने छात्रवृत्तिको रकम रु. २५०।– बाट वढाएर कम्तिमा पनि एकजोर विद्यालय पोशाक र बर्षभरी पुग्ने कापी, कलम किन्न पुग्ने गरी बनाउनु पर्ने सुझाव प्रस्तुत गर्नुभएको छ (पाण्डे ,२०६३) । यस बाट छात्रवृत्ति रकम समयोचित रुपमा बढाई दिइनु पर्ने देखिएको छ ।

रावत (२०६२), ले तयार पार्नु भएको ‘‘प्राथमिक विद्यालय तहमा वितरित दलित छात्रवृत्ति प्रभावकारिता एक अध्ययन’’ शोधपत्रमा पाउलो फ्रेरेको ‘उत्पीडितका लागि शिक्षा ’,मास्लोको ‘अभिप्रेरणा सम्बन्धी सिद्धान्त’लाई आधार मानेर अध्ययन गरी दलित छात्रवृत्तिको कोटा पर्याप्त नभएको कारण दामासाहीले वितरण गर्नुपरेको अनि प्रभावकारी अनुगमन र निरीक्षणको अभावको कारण छात्रवृत्तिको सदुपयोग नभएको निष्कर्ष निकाली जिल्लाबाट संप्रेषण गरिएको वास्तविक तथ्याङ्कको आधारमा दलित छात्रवृत्ति कोटा निर्धारण गरिनुपर्ने, समयमा नै विद्यार्थीको हातमा पुग्ने गरी शैक्षिक सत्रको सुरुमा नै औपचारिक समारोहको आयोजना गरेर वितरण गरिनुपर्ने सुझाव प्रस्तुत गर्नु भएको छ (रावत,२०६२) ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन आधारहीन भएर अघि बढन सक्दैन । अध्ययनलाई प्रभावकारी बनाउन त्यसलाई स्थापीत कुनै सिद्धान्तमा आधरित गर्नु पर्ने हुन्छ । यस अध्ययनलाई यसको शीर्षक छात्रवृत्तिले सिकाई उपलब्धिमा पारेको प्रभावलाई सही रुपमा हेर्न छात्रवृत्तिसंग सम्वन्धित

सिद्धान्तहरु-पाउलो फ्रेरे (१९७०),  को उत्पीडितको लागि शिक्षा र अब्राह्म मास्लो (१९४३०, को आवश्यकतामा आधारित सिद्धान्तलाई आधार बनाइएको छ । उत्पडीतिको रुपमा रहेका दलित एवं छात्राहरुलाई गुणस्तरीय शिक्षामा सहभागीता बढाउन आर्थिक राहत/छात्रवृत्ति दिदा उनिहरुको नियमितता र सिकाइ उपलब्धिलाई छात्रवृत्ति नपाउनेहरुकोसंग तुलनात्मक रुपमा हेरी छात्रवृत्तिले उनिहरुमा पारेको प्रभाव हेरेर फ्रेरेको सिद्धान्तलाई पुष्टि गर्न खोजिएको छ भने आवश्यकताका श्रृङ्खलाहरु मध्ये आधारभुत आवश्यकता वा पहिलो आवश्यकता खाना, पोशाक र अध्ययनको लागि आवश्यक कापि र कलम किन्ने आर्थिक सहयोग छात्रवृत्ति पाएपछि दोस्रो आवश्यकता गुणस्तरीय शिक्षा तर्फ लागेको हेर्न छात्रवृत्ति पाउने र नपाउनेको सिकाइ उपलब्धिलाई तुलनात्मक रुपमा हेरी मास्लोको सिद्धान्तलाई पुष्टि गर्न खोजिएको छ । पाउलो फ्रेरे (१९७०), का अनुसार शिक्षाले समुदायका उपेक्षित ,उत्पीडितहरुको वकालत गर्नुपर्छ । कुनै पनि राष्ट्रको विकासको लागि त्यस राष्ट्रमा वसोवास गर्ने सवैजातजाति र समुदायलाई शिक्षाको पहुँच हुनुपर्छ ,अन्यथा शैक्षिक पक्षाघातको समस्या भोग्नुपर्छ । औपचारिक शिक्षाका विरोधी फ्रेरेले सहभागितामूलक शिक्षण विधिको प्रयोग एवम् कामसंग सरोकार राख्ने शिक्षा हुनुपर्छ र स्वतःस्फूर्त रुपमा अन्तरनिहित प्रतिभाको प्रष्फुटन गराउन सक्नु नै शिक्षाको काम हो भनेका छन् । उत्पीडित जातिको मुक्तिको लागि सशक्त माध्यम शिक्षा भएकाले उनीहरुको लागि उपयोगी र शुलभ हुने खालको शिक्षाले मात्र गरिव सर्वसाधारणको शिक्षामा पहुँच बढाउन सक्छ ।

अब्राहम् मास्लो (१९४३), का अनुसार मानिसका अनगिन्ति आवश्यकता र चाहना हुन्छन् । ती अनगिन्ति आवश्यकता र चाहनाहरुमध्ये श्रृङ्खलाको आधारमा पहिलो आवश्यकता पुरा भएपछि मात्र मानिस दोस्रो आवश्यकता पूरा गर्ने तर्फ केन्द्रित हुन्छ । गाँस, बास लगायतको आधारभूत आवश्यकता पुरा भएपछि मात्र शिक्षा प्राप्त गर्ने दोस्रो आवश्यकता पुरा गर्न मानिस लाग्छन् । आवश्यक पोषण र शैक्षिक सामाग्री प्राप्त भएमात्र वा सो खरिद गर्ने रकम पाएमात्र वालवालिका ध्यानपूर्वक पढाईमा लाग्न सक्छन् । उनका अनुसार आर्थिक राहत पाएमा गरिबीले पिरोलिएका बालबालिका आधारभूत आवश्यकताका अत्यावश्यक सामाग्रीहरु/ शैक्षिक सामाग्रीहरु खरिद गरी आर्थिक अभावको तनावग्रस्त वातावरणबाट मुक्त भई ध्यानपूर्वक नियमित रुपमा पढाईमा लाग्न सक्छन् ।

## २.३. शैक्षिक उपादेयता

माथि उल्लेखित विभिन्न अध्ययनहरुले समग्रमा छात्रवृत्तिको प्रभाव सकारात्मक रहेको,यसले विद्यार्थीको भर्नामा वृद्धि भएको,विद्यार्थीको उपस्थिति बढेको ,शैक्षिक उपलब्धिमा वृद्धि भएको देखिन्छ । लक्षित समूह छात्रा र दलितको भर्नादर राष्ट्रिय औसत खुद भर्नादर भन्दा कम रहेको जिल्लामा पाँचथर पनि परेको छ । सिकाइ उपलब्धिमा पनि लक्षित समुहका दलित एवं छात्राहरु पछि परेको अवस्था छ । राष्ट्रिय स्तरबाट एवं अन्य क्षेत्रबाट समेत छात्राहरु पछि परेको अवस्था छ ।

राष्ट्रिय स्तरबाट एवं अन्य क्षेत्रबाट समेत छात्रवृत्तिको व्यवस्था पनि भइरहेको छ ता पनि अपेक्षित रुपमा लक्षित समूहको शैक्षिक सहभागिता तथा सिकाइ  उपलब्धि बढ्न सकेको छैन । यसर्थ यसको बारेमा खोजी गर्नु र त्यसको निराकरणका उपाय पत्तालगाई सम्बन्धित पक्षलाई सुझाव पेश गर्नु अत्यावश्यक भएको छ । छात्रवृत्तिले विद्यार्थीको कुन पक्षमा कसरी सहयोग गरिरहेको छ ? सिकाइ उपलब्धिमा यसको असर कस्तो छ ? हालसम्म वितरित छात्रवृत्तिले किन प्रभावकारी रुपमा सकारात्मक परिवर्तन ल्याएर अपेक्षा गरे अनुसारको सिकइ उपलब्धि र विद्यालय सहभागिता एवं नियमितताामा सुधार ल्याउन सकिरहेको छैन , कुन पक्षमा कहाँनेर कमजोरी छ , वितरण प्रक्रियालाई समसामयिक एवं प्रभावकारी बनाउन के कस्तो सुधार/ परिमार्जन गर्नुपर्छ ? भन्ने कुरा पत्तालगाउन अध्ययन गरेको नपाइएकोले तथा पाँचथरको पृथ्वी उ.मा.वि. यासोक स्रोत केन्द्रका विद्यालयमा गरिएको अध्ययनबाट यस्तै अवस्थाको अन्य क्षेत्रमा समेत यो उपयोगी हुने भएको हुँदा यस्ता कमी पुरागर्न यो अध्ययन उपयोगी हुनेछ र यसले छात्रवृत्तिको प्रभावकारिता बढाउन सहयोग पुग्छ ।

प्रस्तुत सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकनबाट अहिले सम्म यस विषयसंग सम्बन्धित भई स्थापित भएका सिद्धान्त र सिद्धान्तले बनाएका मुलभूत पक्षहरुको अध्ययन गर्छ । सम्बन्धित साहित्यको पुनरावलोकनबाट दलित एवम् छात्रा छात्रवृत्ति सम्बन्धी भए गरेको व्यवस्था , उपलब्धि, सबल एवम् कमजोर पक्षमा थप नयाँ धारणाको खोजी गर्ने आधार प्रदान गरी यस शीर्षकमा अध्ययन गर्न थप सहयोग पुगेको छ ।

# परिच्छेदः तीन

# अध्ययन विधि

कुनै पनि अनुसन्धानलाई सहज रुपमा सम्पन्न गर्न निश्चित तरिका वा उपायको माध्यमबाट अघि बढाउने गरिन्छ, जुन अध्ययन विधि हो । अध्ययनको उद्देश्य, विषयवस्तुको प्रकृति तथा अनुसन्धानको प्रकृति एवं अध्ययनकर्ताको रुचीको आधारमा अध्ययन विधिको निर्धारण गरिन्छ ।

## ३.१. अनुसन्धानात्मक ढाँचा

प्राथमिक तहको दलित र छात्रा छात्रवृत्तिको अध्ययन गर्ने क्रममा निर्धारित उद्देश्य पुरा गर्न अध्ययन कार्यलाई क्रमवद्ध र व्यवस्थित रुपले अघि बढाउदै प्रमाणित तथ्यको आधारमा अघि बढाउने मान्यतामा आधारित यस अध्ययनमा वर्णनात्मक र परिमाणात्मक ढाँचमा विश्लेषण गरिएको छ ।

## ३.२. नमूना छनौट प्रक्रिया

यस अध्ययन कार्यको लागि पाँचथर जिल्लाको पृथ्वी उच्च मा.वि.यासोक स्रोतकेन्द्रका १५ वटा सामुदायिक प्राथमिक विद्यालयहरुमध्ये नमूनाको रुपमा ५ वटा  विद्यालय, सुविधा जनक नमूना छनौट विधिबाट छनौट गरी ती विद्यालयका विद्यार्थी तथा तिनका अभिभावकलाई सम्भावनायुक्त नमूना छनौट विधिबाट छनौट गरिएको छ ।

### ३.२.१. जनसंख्या र नमूना छनौट

यस अध्ययनका लागि जनसंख्याको रुपमा पाँचथर जिल्लाको पृथ्वी उच्च मा.वि. यासोक स्रोतकेन्द्रका १५ वटा सामुदायिक विद्यालयका विद्यार्थी ,दलित र छात्रा विद्यार्थी, अभिभावक,स्रोतब्यक्ति र विद्यालयलाई लिइएको छ भने नमूनाको रुपमा उक्त स्रोतकेन्द्रका कक्षा १- ५ संचालित ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरु नमूनाको रुपमा लिइएको छ । पाँचवटै विद्यालयका दलित र ५०% छात्रा छात्रवृत्ति पाउने विद्यार्थी, तिनका अभिभावक र शिक्षकलाई अध्ययनमा लिइएको छ ।

पाँचथरको सवै स्रोतकेन्द्र अन्तर्गतका सवै विद्यालयमा गई अध्ययन गर्न उपलब्ध साधन र स्रोतले नभ्याउने भएकोले पाँचथरको पृथ्वी उच्च मा.वि. स्रोत केन्द्र अन्तर्गतका १५ वटा मध्ये एक तिहाइ अर्थात ५ वटा कक्षा १–५ संचालित सामुदायिक प्राथमिक विद्यालयलाई सुविधा जनक नमूना छनौट विधिद्वारा छनौट गरिएको छ । छनौट गरिएका ५ वटा

विद्यालयका सम्पूर्ण शिक्षक र स्रोत व्यक्ति तथा वि.नि.लाई अध्ययनको जनसंख्याको रुपमा लिएको छ । उक्त ५ वटा विद्यालयका अध्ययनको ३ वर्ष अवधि (२०६४ – २०६६) मा लगातार छात्रवृत्ति पाउने विद्यार्थी मध्ये प्रत्येक विद्यालयबाट १/१ जनाको दरले हुने ५ जनाको विद्यार्थी सम्भावनायुक्त नमूना छनौटको आधारमा छनौट गरिएको छ । यसरी लगातार छात्रवृत्ति पाउने ५ विद्यार्थीका अभिभावक तथा तुलनात्मक अध्ययनको निमित्त ५ वटा विद्यालयका सवै विद्यार्थीका छात्रवृत्ति पाउने सवै विद्यार्थी र ३ बर्षै लगातार छात्रवृत्ति पाउने विद्यार्थीलाई समेत अध्ययनको नमूनाको रुपमा छनौट गरिएको छ । छनौट गरिएका विद्यालय तथा लगातार छात्रवृत्ति पाउने विद्यार्थीको नामावली एवम् अन्तरक्रियामा संलग्न व्यक्तिहरुको नामावली र संलग्न प्रश्नावली अनुसूचिमा राखिएको छ ।

निश्चित उद्देश्य परिपूर्तिको लागि सीमित समय, स्रोत साधनको परिधिमा रही गरिने यस अध्ययनलाई अधि बढाउन सवैलाई अध्ययनमा समेट्न कठिन हुने भएकोले समग्रमा सबैको प्रतिनिधित्व हुनेगरिको यो नमूना छनौट गरिएको छ । भौगोलिक ,आर्थिक ,जातीय, सामुदायिक, विविधता रहेको यस स्रोत केन्द्रका विद्यालय सेवा क्षेत्रका समुदाय र विद्यालयमा आउने विद्यार्थी अधिक संख्यामा जनजाति ,दलित,गरिव समेत रहेको सन्दर्भलाई ध्यानमा राखी छनौट गरिएका विद्यालय र विद्यार्थीहरुले ग्रामीण र बजार क्षेत्र समेत समेटिने ,सवैवर्ग र जातिको प्रतिनिधित्व हुने गरी तथा छात्रवृत्ति प्राप्तिपछि त्यसले कस्तो प्रभाव पारेको छ, त्यसको असर अध्ययन गर्न अध्ययन अवधि-तीन बर्षसम्ममा छात्रवृत्ति प्राप्त गर्ने,लगातार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी , तिनका अभिभावक र शिक्षकको समेत प्रतिनिधित्व हुनेगरी नमूना छनौट गर्नु उपयुक्त हुने भएको हुँदा यसलाई नै नमूना छनौटको आधार बनाइएको छ ।

## ३.३. अध्ययनका साधनहरु

अध्ययनको क्रममा छात्रवृत्ति पाउने विद्यार्थी, तिनका अभिभावक र शिक्षकमा प्रश्नावली, छलफल, अन्तर्वार्ता ,विद्यालयका तथ्याङ्क, नतिजा पञ्जिका, विद्यार्थीको उपस्थिति बही प्रयोग गरिएको छ । तिनिहरुको नमूना अनुसूचिमा राखिएको छ । प्रयोग गरिएका अध्ययनका साधनहरु निम्न छन् :

प्रश्नावलीः यस अन्तर्गत विद्यार्थी,अभिभावक,शिक्षक,स्रोतव्यक्तिका लागि प्रयोग गरिने प्रश्नहरु पर्छन् । जसलाई अनुसूचि १,२,३ र ४ मा राखिएको छ ।

सर्वेक्षण फारामः यस अन्तर्गत सिकाइ उपलब्धि, विद्यार्थीको हाजिरी सम्बन्धी फाराम पर्छन्, जसलाई अनुसूचि ५ मा राखिएको छ ।

तथ्याङ्क संकलनको लागि तयार गरिएका विवरण फारामः यस  अन्तर्गत छात्रवृत्ति पाउने तथा अन्य विद्यार्थीको प्राप्ताङ्क विवरण, उपस्थिति विवरण, प्राप्त छात्रवृत्ति सम्बन्धी विवरण तथा लगातार छात्रवृत्ति पाउने विद्यार्थीको प्राप्ताङ्क र उपस्थिति सम्बन्धी विवरण पर्छन् ,जसलाई अनुसूचि ६,७ र ८ मा राखिएको छ ।

## ३.४. तथ्याङ्कका स्रोतहरु

अध्ययनमा प्राथमिक र सहायक/ गौण दुवै तथ्याङ्कहरुको प्रयोग गरिएको छ । अध्ययनका क्रममा निम्न स्रोतहरुको उपयोग गरिएको छ  :

क) प्राथमिक स्रोत : अध्ययनको प्राथमिक स्रोतको रुपमा प्रश्नावली, अन्तर्वार्ता, छलफललाई लिई शिक्षक, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी, र तिनका अभिभावकलाई अनुसूचीमा राखिएका प्रश्नावली मार्फत आवश्यक तथ्य-तथ्याङ्क सङ्कलन गरिएको छ । त्यस्तै शिक्षा क्षेत्रमा अनुभव संगाल्ने श्रोतब्यक्ति र अन्य विज्ञहरुसंग अन्तरक्रिया, छलफल एवं विचार आदान प्रदान कार्यक्रम समेत सञ्चालन गरिएको छ । यसका साथै शिक्षक र अभिभावकसंग  आवश्यक छलपल गरी प्राप्त निष्कर्ष र तथ्यलाई समेत सामग्रीको रुपमा लिइएको छ ।

ख) गौण स्रोत : अध्ययनमा सहायक स्रोतबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ । यस अन्तर्गत छनौटमा परेका विद्यालय,जिल्ला शिक्षा कार्यालय, विद्यालयका अभिलेख, नतिजा पञ्जिका, हाजिरी बही, तथ्याङ्क विवरण फाराम– फ्लास I ,फ्लास II बाट तथ्याङ्क संकलन गरिएको छ । यस बाहेक शोध पत्र, लेख आदिबाट पनि तथ्याङ्क लिइएको छ ।

## ३.५. तथ्याङ्कको संकलन, ब्याख्या र विश्लेषण प्रक्रिया

अध्ययनको क्रममा छनौट गरिएको जनसंख्याबाट आवश्यक तथ्याङ्कहरु प्राथमिक एवं द्वितीय दुवै प्रकृतिका स्रोतहरुबाट लिइएको छ । तथ्याङ्क संकलनको लागि छनौट गरिएका विद्यालयमा शोधकर्ता आफै गई शिक्षक, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी ( दलित एवं छात्रा ) तिनका अभिभावकहरुसंग भेटघाट गरी अध्यनको उद्देश्यबारे बताएर छलफल एवं विचारको आदान प्रदान गरी सम्बन्धित ब्यक्तिहरुबाट प्रश्नावली भराई प्रारम्भिक तथ्याङ्क र जानकारी लिइएको र अन्तर्वार्ता पनि लिइएको छ । यसका साथै संवन्धित विद्यालय, पूर्व अध्ययन प्रतिवेदन ,लेख रचना आदिबाट तथ्याङ्क संकलन गरिएको छ ।

छनौट गरिएको जनसंख्याबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको लागि गुणात्मक र परिमाणात्मक दुवै प्रकारका विधि उपयोग गरिएको छ । संङ्कलित तथ्याङ्कलाई प्रकृतिका आधारमा बर्गीकरण र तालिकीकरण गरी ब्याख्या एवं बिश्लेषण गरिएको छ । आवश्यकता अनुसार चार्ट, तालिकीकरण, वृत्तचित्रको समेत प्रयोग गरिएको छ । विद्यार्थी उत्तीर्णदरको स्थितिलाई स्तम्भचित्रको आधारमा ब्याख्या विश्लेषण गरिएको छ । विद्यार्थी नियमितताको अध्ययन विद्यालयबाट प्राप्त बिभिन्न बर्षको विद्यार्थी हाजिरीलाई तालिकीकरण गरी स्तम्भचित्रको आधारमा ब्याख्या बिश्लेषण गरिएको छ । लगातर छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सिकाई उपलब्धि, प्राप्ताङ्क प्रतिशतलाई वृत्तचित्रको माध्यमबाट प्रस्तुत गरी ब्याख्या गरिएको छ । लगातार छात्रवृत्ति प्राप्त गर्नेको उपस्थितिलाई तालिकीकरण गरी औसतको आधारमा तुलनात्मक रुपमा ब्याख्या विश्लेषण गरिएको छ । छात्रवृत्तिको,रकम प्राप्त गर्ने समय, पाउनुपर्ने स्वरुप–नगद वा सामाग्रीको बारे र वितरण प्रक्रिया बारेको प्राप्त तथ्याङ्कलाई तालिकाको माध्यमबाट ब्याख्या गरिएको छ । सिकाइ उपलब्धिको तुलनात्मक अध्ययनका लागि छात्रवृत्ति पाउने, लगातार छात्रवृत्ति पाउने र अन्य विद्यार्थीको औसत सिकाइ उपलब्धिलाई तालिकीकरण गरी व्याख्या गरिएको छ ।

प्राथमिक एवम् द्वितीय तथ्याङ्क मार्फत निस्केका निष्कर्षहरुलाई सैद्धान्तिक ढाँचाको रुपमा छनौट गरिएको  पाउलो फ्रेरेको ‘उत्पीडितका लागि शिक्षा( १९७०) र अब्राहम् मास्लो ( १९४३) को अभिप्रेरणा सम्बन्धी सिद्धान्तको कसीमा राखी ब्याख्यात्मक र विश्लेषणात्मक रुपमा ब्याख्या गरी निचोड दिइएको छ । समग्रमा पाँचथरको पृथ्वी उ.मा.वि यासोक स्रोत केन्द्रका विद्यालयका दलित र छात्रामा छात्रवृत्तिले पारेको प्रभाव, छात्रवृत्ति वितरण प्रणाली र यसमा देखिएका कमजोरी, समस्या एवम् तिनका समाधानका उपाय प्रस्तुत गरिएको छ ।

# परिच्छेदः चार

# तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

छात्रवृत्तिको प्रभावकारिता र यसको बर्तमान अवस्था ,यसले विद्यार्थी नियमितता र उपलब्धिमा पारेको प्रभाव पहिचान गरी यसमा गरिनुपर्ने सुधारका पक्षहरु पत्तालगाउने उद्देश्यले गरिएको यो अध्ययन पाँचथर जिल्लाको पृथ्वी उ.मा.वि. यासोक स्रोतकेन्द्रका ५ वटा प्राथमिक विद्यालयमा गरियो । अध्ययनको क्रममा ५वटै विद्यालयका छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने विद्यार्थीहरु वीचको उपस्थिति ,कक्षोत्तीर्ण अवस्था र सिकाइ उपलब्धि अवस्थाको तुलनात्मक अध्ययनका लागि विद्यालयहरुबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । अध्ययनलाई वस्तुपरक बनाउनको लागि सामुदायिक विद्यालयका प्राथमिक तहका दलित विद्यार्थी र ५० प्रतिशत छात्रालाई प्रदान गरिदैं आएको छात्रवृत्ति कार्यक्रमले उनीहरुको सिकाइ उपलब्धिमा पारेको प्रभावका सम्बन्धमा विद्यार्थी,शिक्षक,स्रोतव्यक्ति, वि.नि.हरु बाट  संकलन गरिएका तथ्याङ्क,सूचना,धारणा,सिकाइ उपलब्धि एवम् उपस्थितिलाई तालिका ,स्तम्भचित्र, वृत्तचित्रमा प्रस्तुत गरी व्याख्या एवम् विश्लेषण निम्न अनुसार गरिएको छ :

## ४.१. छात्रवृत्ति वितरण पश्चातको विद्यार्थी नियमितताको अध्ययन

विद्यालयमा विद्यार्थीको नियमितताले कक्षा छाड्ने ,दोहोर्‍याउने दरमा कमी ल्याउने तथा सिकाइ उपलब्धि बढाउने कार्य गरी शैक्षिक क्षतिमा कमी ल्याउने गर्छ । विद्यार्थीको १ दिनको एक तिहाइ समय विद्यालयमा वित्ने र यस समयमा विद्यालयले उनिहरुको शारीरिक,मानसिक,संवेगात्मक लगायत चौतर्फी विकासमा महत्वपूर्ण भूमिका निभाउने भएकोले विद्यार्थी उपस्थितिको बढी महत्व हुन्छ । बर्ष भरिको ३६५ दिन मध्येबाट सार्वजनिक विदा कटाएर एक शैक्षिक सत्रमा विद्यालय खुल्नु पर्ने जम्मा दिनमा कक्षासंचालन, परीक्षा र अन्य क्रियाकलाप समावेश हुन्छ । शिक्षा ऐन तथा नियमावलीले बर्ष भरिमा कम्तिमा २२०दिन विद्यालय खुल्नुपर्ने र १८० दिन पढाइ संचालन गर्नु पर्ने व्यवस्था गरेको छ । अध्ययनमा संलग्न ५ वटा विद्यालयहरु खुलेको दिन र कक्षा १ देखि ५ सम्मका दलित एवम् छात्रा छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीहरुको २०६६ को नियमितताको अवस्था निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :

**तालिका १, दलित तथा छात्रा (दलित बाहेक) नियमितताको अवस्था**

| क.स. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | छात्राहरुको औसत उपस्थिति दिन | | दलित विद्यार्थीको औसत उपस्थिति दिन |
|---|---|---|---|---|---|
| | | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | |
| १ | श्री अमृत प्रा.वि.यासोक –३ | २१२ | १४० | ९६ | १०५ |
| २ | श्री सिद्धशरण प्रा.वि. यासोक–७ | २१० | १३७ | ९५ | १०१ |
| ३ | श्री सुबजनी प्रा.वि. यासोक–४ | २०९ | १३७ | ९३ | दलित नभएको |
| ४ | श्री ओर्दिन कुसायक प्रा.वि.यासोक–८ | २०८ | १३६ | ९१ | ९९ |
| ५ | श्री सिद्धेश्वर प्रा.वि. यासोक–२ | २११ | १३९ | ९४ | १०२ |
| | जम्मा औसत | २१० | १३७.८० | ९३.८० | १०१.७५ |

स्रोतः स्थलगत अध्ययन, २०६६

माथिको तालिकामा शिक्षा नियमावली अनुसार सवै विद्यालय बर्षमा कम्तिमा २२० दिन खुल्नु पर्नेमा सो हुन नसकेको देखिन्छ ।सवैभन्दा बढी दिन खुलेको विद्यालय श्री अमृत प्रा.वि. २१२ दिन तथा सवैभन्दा कम श्री ओर्दिन कुसायक प्रा.वि. २०८ दिन खुलेको देखिन्छ । छात्रवृत्ति नपाउने विद्यार्थीहरुको भन्दा छात्रवृत्ति पाउने विद्यार्थीहरुको उपस्थिति दिन र नियमितता बढी रहेको देखिन्छ । दलित विद्यार्थीहरुको पनि उपस्थिति छात्रवृत्ति नपाउनेहरुको भन्दा बढी रहेको पाइएको छ । सिकाइमा ध्यानपूर्वक लाग्न विद्यार्थीहरुको पहिलो आवश्यकता– आर्थिक स्रोत ( शैक्षिक सामग्री एवम् आहाराको लागि ) प्राप्त भएमा पहिलो आवश्यकता पुरा हुन्छ अनि मात्र दोस्रो आवश्यकता शिक्षामा लाग्छन् भनी अब्राहम् मास्लोले आफ्नो आवश्यकताको सिद्धान्तमा भनेको कुरा यहाँ पुष्टि भएको छ ।

### ४.१.१. अध्ययनमा लिइएका विद्यालयको अध्ययन अवधि ०६४–०६६ को विद्यार्थी हाजिरी

प्राथमिक तहको दलित र छात्रा छात्रवृत्तिले विद्यार्थी नियमिततामा कस्तो असर पारेको छ भन्ने अध्ययन गर्नको लागि छनौटमा परेका ५ वटै विद्यालयहरुको अध्ययनका तीन वर्षको

छात्रवृत्ति पाउने छात्रा तथा दलित विद्यार्थीहरुको औसत उपस्थिति र छात्रवृत्ति नपाउनेको औसत उपस्थितिको विद्यालयबाट प्राप्त हाजिरी विवरणको आधारमा निम्न अनुसार तालिका र स्तम्भ चित्रमा प्रस्तुत गरी तुलनात्मक रुपमा व्याख्या र विश्लेषण गरिएको छ । यसमा अध्ययनमा लिइएका ५ वटै विद्यालयको विद्यार्थी उपस्थितिको औसत निकाली सो कोआधारमा उपस्थितिको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

**तालिका २, अध्ययन वर्ष २०६४-२०६६ को अध्ययनमा लिइएका विद्यालयका विद्यार्थीको हाजिरी तालिका**

| बर्ष / विद्यालय | २०६४ | | २०६५ | | २०६६ | |
|---|---|---|---|---|---|---|
| | औसत उपस्थिति दिन | | औसत उपस्थिति दिन | | औसत उपस्थिति दिन | |
| | छात्रवृत्ति पाउने | नपाउने | छात्रवृत्ति पाउने | नपाउने | छात्रवृत्ति पाउने | नपाउने |
| श्री अमृत प्रा.वि. यासोक-३ | ११९ | ९३ | १२० | ९४ | १२२ | ९६ |
| श्री सिद्धशरण प्रा.वि. यासोक-७ | ११८ | ९२ | ११९ | ९३ | ११९ | ९५ |
| श्री सुवजनी प्रा.वि. यासोक-४ | १३४ | ९२ | १३६ | ९२ | १३७ | ९३ |
| श्री ओर्दिन कुसायक प्रा.वि. यासोक- ८ | ११५ | ८८ | ११६ | ९० | ११७ | ९१ |
| श्री सिद्धेश्वर प्रा.वि. यासोक-२ | ११७ | ९१ | ११८ | ९३ | ११९ | ९४ |
| जम्मा औसत | १२०.६० | ९१.२० | १२१.८० | ९२.४० | १२२.८० | ९३.८० |

स्रोतः अध्ययन समूहका विद्यालयहरुको हाजिरी पुस्तिका ,२०६४–०६६

उपर्युक्त तालिकाबाट छात्रवृत्ति पाउने विद्यार्थीहरु ( दलित र छात्रा ) को सबै कक्षा १ – ५ का सबै विद्यालयका विद्यार्थीको औसत उपस्थिति दिन सबै कक्षाका छात्रवृत्ति नपाउने विद्यार्थीको औसत उपस्थिति दिन भन्दा बढी रहेको तथा अध्ययनका प्रत्येक बर्षमा छात्रवृत्ति पाउनेको औसत उपस्थिति दिन बढ्दै गइरहेको देखिन्छ । यो तथ्याङ्कलाई हेर्दा समग्रमा छात्रवृत्तिले विद्यार्थीको उपस्थिति बढाउने कुरा छात्रवृत्ति नपाउनेको औसत उपस्थिति भन्दा छात्रवृत्ति प्राप्त गर्नेको औसत उपस्थिति प्रत्येक बर्ष बढी हुँदै गईरहेको वाट पुष्टि हुन्छ । विद्यालय खुल्ने जम्मा २२० दिन भएपनि छात्रवृत्ति प्राप्त गर्नेको अर्थात् उपस्थिति बढी हुनेको समेत औसत उपस्थिति निक्कै कम रहेको देखिएबाट अपेक्षाकृत रुपमा सकारात्मक प्रगति भने हुन नसकेको देखिएको छ । तथापि छात्रवृत्तिका कारण नियमितता र निरन्तरता क्रमशः बढ्दो दरमा रहेको देखिन्छ ।

समाजको विभेदयुक्त व्यवहारका कारण उत्पीडित हुन पुगेका दलित विद्यार्थी एवम् छात्राहरुलाई अन्य सरह शिक्षामा समाहित गर्नका लागि सकारात्मक विभेदको रुपमा उपलब्ध गराइएको छात्रवृत्तिको कारण नियमित रुपमा विद्यालय जानुपर्छ र पढ्नुपर्छ भन्ने धारणाको विकास भई छात्रवृत्ति नपाउने विद्यार्थीको भन्दा राम्रो उपस्थिति छात्रवृत्ति प्राप्त गर्नेको देखिएको छ । यसबाट पाउलो फ्रेरेको 'उत्पीडितका लागि शिक्षा' को सिद्धान्त अन्तर्गत सकारात्मक विभेदको नीति सही भएको कुरा पुष्टि हुन्छ । त्यस्तै मास्लोले भने झैं आर्थिक सहायता पाएर शैक्षिक सामग्रीको खरिद एवं पोषणको आवश्यकता पुरा गरी दोस्रो आवश्यकता शिक्षामा ध्यानपूर्वक लागेको हुँदा छात्रवृत्ति पाउनेको उपस्थिति वृद्धि भएको देखिएबाट मास्लोको सिद्धान्त समेत पुष्टि भएको छ ।

## ४.१.२. अध्ययन बर्ष २०६४ देखि २०६६ सम्म लगातार छात्रवृत्ति पाउने विद्यार्थीहरुको विभिन्न बर्षको विद्यार्थी हाजिरी तालिका र स्तम्भचित्र

लगातार ३ वर्षसम्म छात्रवृत्ति पाउने अध्ययनमा लिइएका पाँच जना विद्यार्थीको नियमितता अध्ययन गर्न ती पाँचै जनको प्रत्येक वर्षको उपस्थितिको औसत निकाली सो औसतको आधारमा व्याख्या एवं विश्लेषण तालिका र स्तम्भ चित्रको माध्यमबाट निम्नानुसार गरिएको छः

**तालिका ३, लगातार छात्रवृत्ति पाउने विद्यार्थीको हाजिरी**

| क.सं. | वर्ष | २०६४ | २०६५ | २०६६ | कैफियत |
|---|---|---|---|---|---|
| | विद्यार्थी | उपस्थिति | उपस्थिति | उपस्थिति | |
| १. | हेमराज रम्तेल | १४५ (८०.५५%) | १५५ (८६.११%) | १६६ (९२.२२%) | छनौटमा परेमा लगातार छात्रवृत्ति पाउने दलित एवं छात्रा दुवैको संयुक्त गणना, कोष्ठमा उपस्थिति प्रतिशत राखिएको |
| २. | मनिषा आचार्य | १४३ (८९.४४%) | १५४ (८५.५५%) | १६४ (९१.११%) | |
| ३. | प्रेमकुमारी लावती | १४२ (७८.८८%) | १५२ (८४.४४%) | १६३ (९०.५६%) | |
| ४. | अनिल गहतराज | १४१ (७८.३३%) | १५१ (८३.८८%) | १६२ (९०%) | |
| ५. | मञ्जु परियार | १४४ (८०%) | १५३ (८५%) | १६५ (९१.६७%) | |
| | कूल औसत उपस्थिति | १४३ (७९.४४%) | १५३ (८५%) | १६४ (९१.१%) | |


स्रोतः स्थलगत सर्भेक्षण, २०६६

उपर्युक्त तालिकामा लगातार छात्रावृत्ति पाउने पाँचै जना विद्यार्थी प्रत्येकको तथा उनिहरु सवैको औसत उपस्थिति समेत प्रत्येक वर्ष वढदै गईरहेको पाईएको छ ।

यसरी आकर्षक तत्व छात्रवृत्तिका कारण विद्यार्थीका आधारभूत आवश्यकता पुरा भई दोस्रो आवश्यकता शिक्षामा आकर्षित भएर विद्यालयमा उपस्थिति/नियमितता वढदै गईरहेको हुँदा मास्लोको आवश्यकताको सिद्धान्त पुष्टि भएको छ ।

यस जानकारीलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**चित्र १, लगातार छात्रवृत्ति पाउने विद्यार्थीको हाजिरी ( अध्ययन बर्षको )**




अध्ययनको लागि छानिएका पाँच विद्यालयका जम्मा पाँचजना लगातार छात्रवृत्ति पाउने विद्यार्थीहरुको हाजिरी तथ्याङ्कबाट निर्माण गरिएको स्तम्भ चित्र अध्ययन गर्दा निरन्तर छात्रवृत्ति प्राप्त गर्दा प्रत्येक बर्ष उपस्थिति बढ्दै गएको तथा उनीहरुको औसत उपस्थिति अन्य विद्यार्थीको भन्दा बढी रहेको देखिन्छ ।

मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त अन्तर्गत आवश्यकतामा आधारित सिद्धान्त अनुसार लगातार छात्रवृत्ति पाएर आफ्नो आर्थिक अभाव केही मात्रामा भए पनि टारी सो पहिलो आवश्यकता पुरा भए पछि शिक्षाको आवश्यकता/दोस्रो आवश्यकता पुरा गर्ने तर्फ लागेको हुँदा अन्य विद्यार्थी ( छात्रवृत्ति नपाउने वा एक दुई पटक मात्र पाउने ) को भन्दा लगातार छात्रवृत्ति पाउनेहरुको नियमितता राम्रो भएकोबाट मास्लोको सिद्धान्त पुष्टि भएको पाइएको छ । लगातार रुपमा छात्रवृत्ति पाउनेको उपस्थिति छात्रवृत्ति नपाउने र एक वा दुई पटक मात्र पाउनेको भन्दा बढी रहेको देखिन्छ । यसबाट छात्रवृत्ति निरन्तर रुपमा प्रदान गर्न सके यसले विद्यार्थी नियमितता बढाउने देखिन्छ ।

यसै सन्दर्भमा अध्ययन समूहका विद्यालयका शिक्षक र अभिभावकलाई दलित तथा छात्रा छात्रवृत्तिले दलित विद्यार्थी एवं छात्राहरुको कक्षा नियमितता र निरन्तरतामा पारेको प्रभावबारे सोधिएको प्रश्नको प्रतिक्रिया निम्न अनुसार प्राप्त भएको छ :

**तालिका ४, छात्रवृत्ति वितरण पश्चात कक्षा नियमितता स्थितिको प्रतिक्रिया तालिका**

| प्रतिक्रिया | अभिभावक | | शिक्षक | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| नियमितता र निरन्तरता बढाएको छ | १९ | ९५% | ९ | ९०% |
| नियमितता र निरन्तरता बढाएको छैन | १ | ५% | १ | १०% |

स्रोतः अभिभावक,शिक्षक प्रश्नावली ,२०६६

उर्पयुक्त तालिका अनुसार दलित र छात्रा छात्रवृत्तिले दलित विद्यार्थी र छात्राहरुको निरन्तरता क्रमशः बढाउँदै लगेको कुरा अभिभावक र शिक्षकको प्रतिक्रियाबाट देखिन्छ । त्यस्तै छात्रवृत्तिले दलित र छात्राहरुको नियमितता बढाउन सहयोग गरेको छ वा छैन भनी सोधिएको प्रश्नबारे आफ्नो प्रतिक्रिया ब्यक्त गर्दै पृथ्वी उ.मा.वि. यासोक स्रोत केन्द्रका स्रोतब्यक्ति श्री नरेन्द्र दहाल र पाँचथरका जि.शि.अ. श्री अर्जुन निरौलाले छात्रवृत्तिले विद्यार्थी नियमिततामाकेहि वृद्धि भएको आफूले पाएको बताउनुभयो ।

## ४.२. दलित तथा छात्राहरुको कक्षोत्तीर्ण अवस्था

एक शैक्षिक सत्रको अध्ययन पश्चात् विद्यार्थीले तोकिएको सिकाई उपलब्धि हासिल गरी माथिल्लो कक्षामा जानु कक्षोत्तीर्ण हुनु हो । पुरानो प्रणालीमा होस् वा वर्तमानको उदार कक्षोन्नति प्रणालीमा होस् अध्ययनमा संलग्न विद्यार्थीले निश्चित मापदण्ड पुरा गरेरमात्र कक्षा उत्तीर्ण हुनुपर्छ । अध्ययनमा संलग्न विद्यालयहरुका छात्रा र दलित विद्यार्थीहरुको २०६६ सालको कक्षोत्तीर्ण अवस्थालाई निम्नअनुसारको तालिकाबाट प्रष्ट पारिएको छ :

## तालिका ५, छात्राहरुको कक्षोत्तीर्ण अवस्था

| क्र. स. | विद्यालयको नाम | जम्मा विद्यार्थी | छात्रवृत्ति पाउने | | | नपाउने | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परीक्षा मा सामेल | उत्तीर्ण संख्या | प्रतिशत | परीक्षा मा समेल | उत्तीर्ण संख्या | प्रति शत |
| १ | श्री अमृत प्रा.वि.यासोक –३ | १६८ | ३७ | ३६ | ९७ | ३६ | १५ | ४२ |
| २ | श्री सिद्धशरण प्रा.वि. यासोक–७ | ११७ | १५ | १५ | १०० | ३१ | १७ | ५५ |
| ३ | श्री सुबजनी प्रा.वि. यासोक–४ | १०५ | २० | १९ | ९५ | ३५ | २१ | ६० |
| ४ | श्री ओर्दिन कुसायक प्रा.वि.यासोक–८ | १६६ | २१ | १९ | ९० | ५१ | २७ | ५३ |
| ५ | श्री सिद्धेश्वर प्रा.वि. यासोक–२ | १७२ | २५ | २३ | ९२ | २८ | १९ | ६८ |
| | जम्मा | | | | ९४.८ | | | ५५.६ |

स्रोतः संलग्न विद्यालयको तथ्याङ्क विवरण फाराम,२०६६

माथिका तालिकामा उल्लेखित विद्यालयहरु मध्ये छात्रा छात्रवृत्ति पाउने अमृत प्रा.वि. का छात्राहरुको उत्तीर्ण प्रतिशत ९७ छ भने सवैभन्दा कम उत्तीर्ण प्रतिशत ओर्दिन कुसायक प्रा.वि.को ९० छ । छात्रा छात्रवृत्ति पाउने ५ वटा विद्यालयका छात्राहरुको कूल औसत उत्तीर्ण प्रतिशत ९४.८ छ भने छात्रा छात्रवृत्ति नपाउने ५ वटै विद्यालयका छात्राहरुमध्ये सवैभन्दा बढी सिद्धेश्वर प्रा.वि.का छात्राहरुको उत्तीर्ण प्रतिशत ६८ छ सवैभन्दा कम अमृत प्रा.वि.को उत्तीर्ण प्रतिशत ४२ रहेको छ । सो छात्रवृत्ति प्राप्त नगर्ने ५ वटै विद्यालयका छात्राहरुको औसत उत्तीर्ण प्रतिशत भने ५५.६ रहेको छ । अध्ययनका ५ वटै विद्यालयका छात्राहरुमध्ये छात्रवृत्ति नपाउनेको औसत उत्तीर्ण प्रतिशत भन्दा छात्रवृत्ति पाउने छात्राहरुको औसत उत्तीर्ण प्रतिशत ३९.२ ले बढी छ । यसमा छात्रवृत्ति पाउने छात्राहरुको नपाउनेको भन्दा बढी उत्तीर्ण प्रतिशत देखिएको छ । छात्रवृत्ति पाएर आफ्नो आधारभूत आवश्यकता पुरा गरी दोस्रो आवश्यकता / शिक्षाको आवश्यकता पुरा गर्न छात्राहरु ध्यानपूर्वक लागेकोले उनिहरुको उत्तिर्ण प्रतिशत बढेको हुँदा मास्लोको सिद्धान्त यहाँ पुष्टि भएको छ ।

## तालिका ६, दलित विद्यार्थीको उत्तीर्ण अवस्था

| क्र.स. | विद्यालयको नाम | दलित विद्यार्थी संख्या | परीक्षामा सामेल संख्या | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री अमृत प्रा.वि.यासोक – ३ | २४ | १७ | १५ | ८८ | |
| २ | श्री सिद्धशरण प्रा.वि. यासोक–७ | १ | १ | १ | १०० | |
| ३ | श्री सुबजनी प्रा.वि. यासोक–४ | – | – | – | – | दलित नभएको |
| ४ | श्री ओर्दिन कुसायक प्रा.वि.यासोक–८ | ३२ | २६ | १६ | ६२ | |
| ५ | श्री सिद्धेश्वर प्रा.वि. यासोक–२ | ७४ | ५२ | ५१ | ९८ | |
| | जम्मा | | | | ८७ | |

स्रोत: संलग्न विद्यालयको तथ्याङ्क विवरण फाराम,२०६६

माथिका तालिकामा दलित छात्रवृत्ति पाउने सिद्धशरण प्रा.वि. का दलित विद्यार्थीको उत्तीर्ण प्रतिशत सवैभन्दा बढी १०० रहेको छ र सवैभन्दा कम उत्तीर्ण प्रतिशत ओर्दिन कुसायक प्रा.वि.को ६२ रहेको छ भने सो छात्रवृत्ति पाउने ५ वटै विद्यालयको औसत उत्तीर्ण प्रतिशत ८७ रहेको छ । अध्ययनमा लिइएका प्रत्येक विद्यालयका छात्रवृत्ति पाउने छात्राहरुको उत्तीर्ण प्रतिशत छात्रवृत्ति नपाउनेहरुको भन्दा बढी छ । दलित विद्यार्थीको उत्तीर्ण प्रतिशत छात्रवृत्ति नपाउने छात्राहरुको भन्दा औसतमा ३१.४ ले बढी भएको देखिन्छ । मास्लोले आफ्नो

अभिप्रेरणाको सिद्धान्तमा मानिस सवैभन्दा पहिले आफ्नो आधारभूत आवश्यकता पूर्तिका लागि प्रेरित हुन्छ भने झैं माथिको तालिकामा छात्रवृत्ति पाउनेहरुलाई छात्रवृत्तिले आधारभूत आवश्यकता पूर्तिमा सघाउ पुगी उनिहरु विद्यालयमा नियममित उपस्थित हुने हुँदा उत्तीर्ण प्रतिशत पनि छात्रवृत्ति नपाउनेहरुको भन्दा पाउनेहरुको बढी रहेको देखिएको छ । यसले मास्लोको सिद्धान्तलाई पुष्टि गरेको छ । पाउलो फ्रेरेले 'उत्पीडितका लागि शिक्षा' मा उत्पीडितलाई सकारात्मक विभेदका रुपमा सहुलियत⁄सुविधा उपलब्ध गराएमा उनीहरु अन्य सरह शिक्षामा समाहित हुन सक्छन् भन्ने सिद्धान्त प्रतिपादन गरेका छन् । माथिको तथ्याङ्कलाई हेर्दा दलित विद्यार्थीहरुलाई सकारात्मक विभेदका रुपमा छात्रवृत्ति उपलब्ध गराउँदा अन्य सरह, अझ नपाउने भन्दा बढी प्रतिशत उत्तीर्ण भएर शिक्षामा समाहित भएको पाइन्छ , जसले फ्रेरेको सिद्धान्तलाई पुष्टि गर्छ ।

## ४.२.१. अध्ययन समूहका विद्यालयको अध्ययन वर्षको विद्यार्थी उत्तीर्ण स्थिति

दलित तथा छात्रा छात्रवृत्तिले विद्यार्थीहरुको कक्षोत्तीर्ण अवस्थामा कस्तो असर पारेको छ भन्ने अध्ययन गर्न छनौटमा परेका पाँच वटै विद्यालयको अध्ययनका तीन वर्षको कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुको जम्मा संख्या जोडी प्रत्येक विद्यालयको कूल उत्तीर्ण र छात्रवृत्ति पाउने छात्रा तथा दलितको उत्तिर्ण अवस्थालाई विद्यालयबाट प्राप्त विवरण तथा स्थलगत सर्भेक्षणको आधारमा देहायबमोजिम तालिकीकरण गरी व्याख्या एवं विश्लेषण गरिएको छ :

तालिकामा विद्यालयगत रुपमा तथा पाँचवटै विद्यालयको प्रत्येक वर्षको कूल औसतको आधारमा उत्तीर्ण संख्या र कोष्ठमा उत्तीर्ण प्रतिशतलाई राखिएको छ। छात्रा उत्तीर्ण महलमा दलित बाहेकका छात्राको मात्र गणना गरिएको छ। छात्रा उत्तीर्ण प्रतिशत निकाल्न छात्रवृत्ति पाउने जम्मा सम्मिलित छात्रा र छात्रवृत्ति पाउने उत्तीर्ण छात्राको तथा दलित उत्तीर्ण प्रतिशत निकाल्दा जम्मा सहभागी दलित र उत्तीर्ण दलितको संख्याको आधार लिइएको छ। कक्षा १ देखि ५ सम्मका प्रत्येक वर्ष उत्तीर्ण हुने कुल विद्यार्थी संख्या विवरण अध्ययनमा लिईएका विद्यालयको प्रत्येक वर्षको तथ्याङ्क ववरण फाराम-फ्लास-I बाट लिईएको छ।

**तालिका ७, अध्ययन समूहका विद्यालयको अध्ययन बर्ष २०६४–०६६ को विद्यार्थी उत्तीर्ण स्थिति विवरण तालिका (प्रतिशतमा) :**

| बर्ष / विद्यालय | २०६४ | | | २०६५ | | | २०६६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल उत्तीर्ण | छात्रवृत्ति पाउने छात्रा उत्तीर्ण | दलित उत्तीर्ण | कूल उत्तीर्ण | छात्रवृत्ति पाउने छात्रा उत्तीर्ण | दलित उत्तीर्ण | कूल उत्तीर्ण | छात्रवृत्ति पाउने छात्रा उत्तीर्ण | दलित उत्तीर्ण |
| सुवजनी प्रा.वि., यासोक - ४ | २०८ (७९%) | ३२ (८०%) | दलित नभएको | २१२ (८०%) | २१ (८४%) | दलित नभएको | २१४ (८५%) | १८ (९०%) | दलित नभएको |
| सिद्धशरण प्रा.वि. यासोक-७ | १८८ (७१%) | २४ (७२%) | ६ (८५%) | १९१ (८०%) | १८ (८६%) | १९ (९५%) | १९२ (८१%) | १६ (८०%) | २० (१००%) |
| ओर्दिन कुसाय प्रा.वि. यासोक-८ | १०० (७२%) | २२ (७३%) | १४ (८२%) | १०२ (८२%) | १४ (८८%) | ८ (८९%) | १०३ (८५%) | १२ (९२%) | ११ (९२%) |
| अमृत प्रा.वि. यासोक-३ | ३०० (९१%) | ५५ (९२%) | १३ (९३%) | ३०४ (९२%) | १५ (९४%) | १३ (९३%) | ३०५ (९०%) | १३ (९३%) | १७ (९५%) |
| सिद्धेश्वर प्रा.वि. यासोक-२ | २८८ (९४%) | ५५ (९५%) | २० (१००%) | २९० (९४%) | ५३ (९५%) | १८ (१००%) | २९१ (९५%) | ४८ (९६%) | १९ (१००%) |
| कूल औसत | २१६.६ (८१.४%) | ३७.६ (८२.४%) | १३.२५ (९०%) | २१९.८ (८५.६%) | २४.२ (८९.४%) | १४.५ (९४.३%) | २२१ (८७.२%) | २१.४ (९०.२%) | १६.७५ (९६.८%) |

स्रोतः स्थलगत सर्वेक्षण ,२०६६

माथिको तलिकामा अध्ययन समूहका ५ वटै विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थी संख्याको औसत निकाली सो आधारमा प्रस्तुत गरिएको छ ।

उर्पयुक्त तालिका अनुसार समग्रमा दलित विद्यार्थीको र छात्राको उर्त्तीण दर सम्पूर्ण विद्यार्थीको उत्तीर्ण दरको तुलनामा बढी छ । पहिलो बर्ष २०६४ सालको सम्पूर्ण विद्यार्थीको उत्तीर्णदरको तुलनामा छात्राको उत्तीर्णदर सवै विद्यालयमा बढि छ भने दोस्रो बर्ष २०६५ र तेस्रो बर्ष २०६६ मा समेत कूल विद्यार्थीको उत्तीर्ण दर भन्दा छात्राको उत्तीर्णदर क्रमशः बढिरहेको अवस्थामा छ । त्यस्तै दलित विद्यार्थीको उर्त्तीणदर पनि सम्पूर्ण विद्यार्थीको उर्त्तीणदर भन्दा बढी देखिन्छ । यसरी छात्रवृत्ति पाउनेको उर्त्तीणदर अन्यको भन्दा बढी भएको साथै अध्ययनबर्षमा छात्रवृत्ति पाउनेको उत्तीर्णदर प्रत्येकबर्ष क्रमशः बढ्दै गइरहेको देखिन्छ ।

यस तालिकामा श्री सुवजनी प्रा.वि.बाहेक सवै विद्यालयका सवै कक्षाका सम्पूर्ण विद्यार्थीको उत्तीर्णदर भन्दा छात्राको र सो भन्दा पनि बढी दलितको अर्थात् छात्रवृत्ति पाउनेको उत्तीर्णदर बढी रहेको तथा सो उत्तीर्णदर प्रत्येक बर्ष क्रमश : बढ्दो क्रममा रहेको छ । सुवजनी प्रा.वि.मा भने दलित विद्यार्थी नै छैनन् । तीन बर्षको नै समग्र अवस्थालाई हेर्दा सम्पूर्ण विद्यार्थीको उत्तीर्णदर भन्दा छात्रवृत्ति प्राप्त गर्नेको उत्तीर्णदर वढी रहेको एवम् अध्ययनको प्रंथम  बर्ष भन्दा दोस्रो बर्षको उत्तीर्णदर बढेको र सो भन्दा पनि तेस्रो बर्ष २०६६ मा अझ बढेको पाइन्छ । यसबाट प्रष्ट हुन्छ कि छात्रवृत्तिले विद्यार्थी उत्तीर्णदर/सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको छ । उक्त तालिकाको अध्ययनबाट छात्रवृत्ति पाउने विद्यार्थीहरुको उत्तीर्णदर बढी भएको देखिन्छ । छात्रवृत्तिले आफ्नो आधारभूत आवश्यकता पूर्ति भई अध्ययनमा सघाउ पुगेर उत्तीर्णदर बढाएको देखिएबाट मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त पुष्टि हुन्छ । छात्रवृत्ति पाउने दलित विद्यार्थीहरुको उत्तीर्णदर सम्पूर्ण विद्यार्थीको कूल उत्तीर्णदर भन्दा प्रत्येक विद्यालयमा प्रत्येक बर्ष बढी भएको देखिएबाट उत्पीडितलाई सकारात्मक विभेदका रुपमा सहुलियत उपलब्ध गराएर शिक्षामा समाहित गर्न सकिन्छ भन्ने फ्रेरेको सिद्धान्त पुष्टि हुन्छ । विभिन्न विद्यालय र विभिन्न बर्षको उत्तीर्णदरमा कतै कतै विभिन्नता भएको तथा छात्रवृत्ति पछि उत्तीर्णदर १०० प्रतिशत नपुगेकोबाट छात्रवृत्तिको प्रभावकारिता अपेक्षाकृत रुपमा नबढेको प्रष्ट हुन्छ । र त्यसो हुनको कारण खोज गर्नु पर्ने समेत प्रष्ट हुन्छ ।

### ४.२.२. अध्ययन समूहका २०६४ देखि २०६६ सम्म लगातार छात्रावृत्ति पाउने विद्यार्थीहरुको तथा छात्रवृत्ति पाउने सवै विद्यार्थीको विभिन्न बर्षको उत्तीर्णदरको अध्ययन

पाँचथर जिल्लाको पृथ्वी उ.मा.वि. यासोक स्रोत केन्द्रलाई आधार बनाएर गरिने यस अध्ययनका लागि लिइएका पाँचवटा विद्यालय प्रत्येकका एक एक जनाको दरले नमूनाको रुपमा लिएका पाँचजना २०६४–०६६ सम्म लगातार छात्रवृत्ति पाउने र सबै विद्यार्थीको उत्तीर्णदरको तुलनात्मक अध्ययन गर्न अध्ययनका तीनबर्षमा लगातार छात्रवृत्ति पाउने ५ जनाको प्रत्येक वर्षको औसत प्राप्ताङ्क प्रतिशत लाई निम्न अनुसार तालिका एवं वृत्त चित्रमा प्रस्तुत गरिएको छ :

### ४.२.२.१. लगातार छात्रवृत्ति पाउने विद्यार्थीको विभिन्न वर्षको प्राप्ताङ्क

लगातार छात्रवृत्ति पाउने विद्यार्थीको अध्ययनका वर्षको प्राप्ताङ्कको अवस्थालाई निम्नानुसार तालिका तथा वृत्त चित्रको आधारमा व्याख्या एवं विश्लेषण गरिएको छ :

**तालिका ८, लगातार छात्रवृत्ति पाउनेको विभिन्न बर्षका प्राप्ताङ्क**


| क.सं. | वर्ष<br>विद्यार्थी | २०६४ | २०६५ | २०६६ | कैफियत |
|---|---|---|---|---|---|
| | | प्राप्ताङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क | |
| १. | हेमराज रम्तेल | ३६६<br>(५६.३१%) | ३९७<br>(६१.०८%) | ४२४<br>(६५.२३%) | छनौटमा परेका लगातार छात्रवृत्ति पाउने दलित एवं छात्राको संयुक्त गणना, कोष्ठमा प्राप्ताङ्क प्रतिशत राखिएको |
| २. | मनिषा आचार्य | ३६४<br>(५६%) | ३९०<br>(६०%) | ४२३<br>(६५.०८%) | |
| ३. | प्रेमकुमारी लावती | ३६५<br>(५५.६९%) | ३८४<br>(५९.०८%) | ४२१<br>(६४.७७%) | |
| ४. | अनिल गहतराज | ३६३<br>(५५.८५%) | ३८३<br>(५८.९२%) | ४२०<br>(६४.६२%) | |
| ५. | मञ्जु परियार | ३६५<br>(५६.१५%) | ३९६<br>(६०.९२%) | ४२५<br>(६५.३८%) | |
| | कूल औसत प्राप्ताङ्क | ३६४<br>(५६%) | ३९०<br>(६०%) | ४२२.६<br>(६५%) | |

स्रोतः स्थलगत सर्भेक्षण, २०६६

उपर्युक्त तालिकामा लगातार छात्रवृत्ति पाउने पाँचै जना विद्यार्थी प्रत्येकको तथा उनिहरु सवैको औसत प्राप्ताङ्क समेत प्रत्येक वर्ष वढदै गएको पाइएको छ । यसरी आकर्षक तत्व छात्रवृत्तिका कारण विद्यार्थीको आधारभूत आवश्यकता पुरा भएर तथा आर्थिक अभावको तनावग्रस्त अवस्थाबाट मुक्त भएर दोस्रो आवश्यकता शिक्षामा आकर्षित् भई ध्यानपूर्वक अध्ययनमा लागेका कारण प्रत्येक वर्ष प्राप्ताङ्क प्रतिशत वढ्दै गएबाट अब्राहम् मास्लोको आवश्यकताको सिद्धान्त पुष्टि भएको छ ।

यसलाई वृत्तचित्रमा लगातार छात्रवृत्ति पाउने पाँचै जनाको प्रत्येक वर्षको औसत प्राप्ताङ्कलाई आधार मानी निम्नानुसार प्रस्तुत गरिएकोछ :

**चित्र २, लगातार छात्रवृत्ति पाउनेको अध्ययन अवधिको प्राप्ताङ्क**




उपर्युक्त चित्रमा लगातार छात्रवृत्ति पाउने पाँचै जना विद्यार्थीको औसत प्राप्ताङ्क प्रत्येक वर्ष बढ्दै गएको छ । छात्रवृत्तिको कारण आफ्नो आधारभूत आवश्यकता पुरा भई अध्ययनमा ध्यानपूर्वक लाग्न सकेकोले प्राप्ताङ्क बढेको हुँदा मास्लोको आवश्यकताको सिद्धान्त यहाँ पुष्टि भएको छ ।

### ४.२.२.२. अध्ययन समूहका विद्यालयका २०६४ –२०६६ सम्मका छात्रवृत्ति पाउने सबै विद्यार्थीहरुको प्राप्ताङ्कको विश्लेषण

अध्ययनका ५ वटै विद्यालयका औसतका आधारमा छात्रवृत्ति पाउने सवै विद्यार्थी (एक वा दुई पटक मात्र पाउने समेत) को कक्षा एक देखि पाँचसम्मको प्रत्येक वर्षको औसत प्राप्ताङ्कको आधारमा अध्ययन अवधि २०६४ देखि २०६६ को प्राप्ताङ्कलाई निम्न अनुसार तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

**तालिका ९, छात्रवृत्ति पाउने सवै विद्यार्थीको अध्ययन अवधि २०६४-०६६ को प्राप्ताङ्क**


| क्र.सं. | वर्ष<br>विद्यालय | २०६४ | २०६५ | २०६६ | कैफियत |
|---|---|---|---|---|---|
| | | औसत प्राप्ताङ्क | औसत प्राप्ताङ्क | औसत प्राप्ताङ्क | |
| १ | श्री अमृत प्रा.वि.यासोक –३ | ३०१ (४६.३१%) | ३१४ (४८.३१%) | ३३२ (५१.०८%) | छात्रावृत्ति पाउने दलित तथा छात्रा दुवैको संयूक्त गणना (कक्षा १ देखि ५ सम्मको औसतको आधारमा) कोष्ठभित्र प्राप्ताङ्क प्रतिशत राखिएको |
| २ | श्री सिद्धशरण प्रा.वि. यासोक–७ | २९९ .(४६%) | ३१२ (४८%) | ३३१ (५०.९२%) | |
| ३ | श्री सुब्जनी प्रा.वि. यासोक–४ | २९८ ( ४५.८५%) | ३११ (४७.८५%) | ३३० (५०.७७%) | |
| ४ | श्री ओर्दिन कुसायक प्रा.वि.यासोक–८ | २९७ (४५.६९%) | ३१० (४७.६९%) | ३२९ (५०.६२%) | |
| ५ | श्री सिद्धेश्वर प्रा.वि. यासोक–२ | ३०० (४६.१५%) | ३१३ (४८.१५%) | ३३३ (५१.२३%) | |
| | कूल औसत प्राप्ताङ्क | २९९ (४६%) | ३१२ (४८%) | ३३१ (५१%) | |

स्रोतः स्थलगत सर्भेक्षण, २०६६

उपर्यूक्त तालिकामा छात्रावृत्ति पाउने सवै विद्यार्थी (एक वा दुई पटक मात्र पाउने समेत) को कक्षा- १ देखि ५ सम्मको औसत प्राप्ताङ्क विद्यालयगत रुपमा तथा सवै विद्यालयको कुल औसतको आधारमा समेत प्रत्येक वर्ष वढ्दै गएको छ। यस तथ्याङ्कबाट छात्रवृत्तिका कारण आफ्नो आधारभूत आवश्यकता पुरा गर्न सकी अध्ययनमा लाग्न सकेकाले प्राप्ताङ्क प्रतिश बढेको हुँदा मास्लोको आवश्यकताको सिद्धान्त पुष्टि हुन्छ।

यसलाई वृत्तचित्रमा अध्ययनका पाँचै वटा विद्यालयको कक्षा-१ देखि ५ सम्मको प्राप्ताङ्कको औसतबाट कूल औसत निकाली अध्ययनका प्रत्येक वर्षको सो औसतलाई आधार मानेर सार निम्नानुसार प्रस्तुत गरिएको छ :

**चित्र ३, छात्रवृत्ति पाउने सवै विद्यार्थीको अध्ययन अवधि २०६४-०६६ को औसत प्राप्ताङ्क**




उपर्युक्त चित्रमा छात्रवृत्ति पाउने सबै विद्यार्थीको प्राप्ताङ्क अध्ययनका बर्ष २०६४,२०६५,२०६६ मा क्रमशः बढ्दै गइरहेको देखिन्छ। यसबाट छात्रवृत्तिले विद्यार्थीको उत्तीर्ण प्रतिशत र सिकाइ उपलब्धि बढाउँछ भन्ने कुरा पुष्टि हुन्छ।

### ४.२.३. अध्ययन समूहका विद्यालयका छात्रवृत्ति प्राप्त गर्ने सवै विद्यार्थी र लगातार छात्रवृत्ति पाउने विद्यार्थीको २०६४–२०६६ को शैक्षिक प्रगतिको तुलनात्मक अध्ययन

अध्ययन समूहका पाँचवटै विद्यालयका एक वा दुई पटक मात्र पाउने समेत छात्रवृत्ति पाउने सबै विद्यार्थीको २०६४ – २०६६ को प्राप्ताङ्क प्रतिशतको औसत को तुलनात्मक रुपमा अध्ययन गर्ने क्रममा सो तथ्याङ्कलाई निम्न अनुसारको तालिका र स्तम्भ चित्रमा प्रस्तुतगरी ब्याख्या एवं विश्लेषण गरिएको छ :

**तालिका १०, छात्रवृत्ति पाउनेको प्राप्ताङ्कको २०६४-०६६ को तुलनात्मक अध्ययन**


| क्र. सं. | वर्ष / विद्यालय | २०६४ प्राप्ताङ्क | | २०६५ प्राप्ताङ्क | | २०६६ प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रवृत्ति पाउने सवै | लगातार पाउने | छात्रवृत्ति पाउने सवै | लगातार पाउने | छात्रवृत्ति पाउने सवै | लगातार पाउने | |
| १ | श्री अमृत प्रा.वि.यासोक –३ | ३०१ (४६.३%) | ३६६ (५६.३%) | ३१४ (४८.३%) | ३९७ (६१.१%) | ३३२ (५१.१%) | ४२४ (६५.२%) | छात्रावृत्ति पाउने दलित तथा छात्रा दुवैको संयूक्त गणना ( कक्षा १ देखि ५ सम्मको औसतको आधारमा) कोष्ठभित्र प्राप्ताङ्क प्रतिशत राखिएको |
| २ | श्री सिद्धशरण प्रा.वि. यासोक–७ | २९९ (४६%) | ३६४ (५६%) | ३१२ (४८%) | ३९० (६०%) | ३३१ (५०.९%) | ४२३ (६५.१%) | |
| ३ | श्री सुब्जनी प्रा.वि. यासोक–४ | २९८ (४५.९%) | ३६२ (५५.७%) | ३११ (४७.९%) | ३८४ (५९.१%) | ३३० (५०.८%) | ४२१ (६४.८%) | |
| ४ | श्री ओर्दिन कुसायक प्रा.वि.यासोक–८ | २९७ (४५.७%) | ३६३ (५५.९%) | ३१० (४७.७%) | ३८३ (५८.९%) | ३२९ (५०.६%) | ४२० (६४.६%) | |
| ५ | श्री सिद्धेश्वर प्रा.वि. यासोक–२ | ३०० (४६.२%) | ३६५ (५६.२%० | ३१३ (४८.२%) | ३९६ (६०.९%) | ३३३ (५१.२%) | ४२५ (६५.३%) | |
| | कूल औसत प्राप्ताङ्क | २९९ (४६%) | ३६४ (५६%) | ३१२ (४८%) | ३९० (६०%) | ३३१ (५१%) | ४२२.६ (६५%) | |

स्रोत: स्थलगत सर्वेक्षण, २०६६

उपर्युक्त तालिकामा छात्रवृत्ति पाउने सबै विद्यार्थी (एक वा दुई पटक मात्र पाउने समेत) को प्राप्ताङ्क क्रमशः बढ्दै गएको पाइएको छ । लगातार छात्रवृत्ति पाउनेको प्राप्ताङ्क पनि प्रत्येक वर्ष बढ्दै गइरहेको छ । तुलनात्मक रुपमा हेर्दा छात्रावृत्ति पाउने सबै (एक वा दुई पटक मात्र पाउने समेत) को भन्दा लगातार छात्रवृत्ति पाउनेको प्राप्ताङ्क बढी देखिएको छ । छात्रवृत्ति पाएर अत्यावश्यक शैक्षिक सामग्री किन्ने लगायत आधारभूत आवश्यकता पुरा भएपछि दोस्रो आवश्यकता/ शिक्षाको आवरुश्यकता पुरा गर्न ध्यान पूर्वक लागेको हुँदा छात्रवृत्ति पाउने विद्यार्थी र त्यसमा पनि लगातार छात्रवृत्ति पाउनेको प्राप्ताङ्क बढी भएकोबाट मास्लोको आवश्यकताको सिद्धान्त पुष्टि भएको छ ।

यस तथ्याङ्कलाई निम्न अनुसार स्तम्भ चित्रमा अध्ययनका प्रत्येक विद्यालयको कक्षा १ देखि ५ सम्मको प्राप्ताङ्कको औसतबाट पाँच वटै विद्यालयको प्रत्येक वर्षको कूल औसत निकाली सो को आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**चित्र ४, छात्रवृत्ति पाउनेको प्राप्ताङ्कको तुलनात्मक अध्ययन**




माथिको चित्रको अध्ययनबाट छात्रवृत्ति नपाउनेको भन्दा पाउनेको र त्यसमा पनि एक वा दुई पटक मात्र पाउनेको भन्दा लगातार छात्रवृत्ति पाउनेको प्राप्ताङ्क प्रतिशत बढी रहेको पाइन्छ । छात्रवृत्ति पाउनेहरुको लागि छात्रवृत्ति एक आकर्षण गर्ने तत्व भएको र नपाउनेहरुमा यो आकिर्षत गर्ने तत्व कमी भएकै कारण पाउनेको प्राप्ताङ्क प्रतिशत बढेको पुष्टि हुन्छ । आधारभूत आवश्यकता पूर्ति भएपछि मानिस दोस्रो चरणको आवश्यकता पूर्ति तर्फ लाग्छ भन्ने मास्लोको  भनाई छात्रवृत्ति पाउने विद्यार्थीको र त्यसमा पनि लगातार

पाउनेको प्राप्ताङ्क प्रतिशत बढी भएकोबाट पुष्टि हुन्छ । छात्रा छात्रवृत्ति ५० प्रतिशत मात्र नभनी सम्पूर्णलाई पुग्ने कोटा संख्यामा तथा सवैलाई भनिएको दलित छात्रवृत्ति दलित सवैलाई नै पुरै पुग्ने गरेर लगातार दिन सके अत्युत्तम अंकका साथ उत्तीर्ण गराउने उद्देश्य प्राप्त हुने देखिन्छ ।

## ४.३. दलित एवम् छात्राहरुको सिकाइ उपलब्धि स्थिति

शिक्षण सिकाइको लक्ष्य गुणस्तरीय शिक्षाको लागि उच्चतम सिकाइ उपलब्धि हासिल गर्नु हो । यस शीर्षक अन्तर्गत दलित एवम् छात्रा छात्रवृत्ति पाउने र नपाउने छात्राहरुको सिकाइ उपलब्धि स्थितिको तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । प्रत्येक विषयमा उच्चतम सिकाइ उपलब्धिका साथ उच्चतम अंक ल्याई कक्षोत्तीर्ण हुनु गुणस्तरीय शिक्षाको पहिचान हो । यसै कुरालाई मध्यनजर राखी प्रत्येक बर्ष प्राथमिक तहको बार्षिक परीक्षा पश्चात तोकिएका निश्चित कक्षाहरुको नेपाली,अंग्रेजी र गणित विषयमा तिनै बार्षिक परीक्षामा सम्मिलित विद्यार्थीहरुकै सहभागितामा बार्षिक उपलब्धि परीक्षा समेत लिने व्यवस्था हुँदै आएको छ । पाँचथर जिल्लाको यासोक स्रोत केन्द्रमा २०६६ सालको बार्षिक परीक्षा पश्चात् सञ्चालित कक्षा ३ र ५ को बार्षिक उपलब्धि परीक्षाा मध्ये कक्षा ५ को सो परीक्षाको नतिजालाई सिकाइ उपलब्धिका रुपमा लिई अध्ययनमा संलग्न विद्यालयहरुका छात्राहरु र दलितहरुको बार्षिक उपलब्धि परीक्षाको नतिजा स्थितिलाई निम्नानुसारको तालिकामा बेग्ला बेग्लै राखी विश्लेषण गरिएको छ ।

## तालिका ११, छात्राहरुको सिकाइ उपलब्धि स्थिति–२०६६, कक्षा ५

| क्र. स. | विद्यालयको नाम | विषयगत औसत प्राप्ताङ्क/सिकाइ उपलब्धि | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | गणित | | अंग्रेजी | |
| | | छात्रवृत्ति पाउने | नपाउने | छात्रवृत्ति पाउने | नपाउने | छात्रवृत्ति पाउने | नपाउने |
| १ | श्री अमृत प्रा.वि.यासोक –३ | ४४ | ३८ | ४० | ३४ | ३९ | ३३ |
| २ | श्री सिद्धशरण प्रा.वि. यासोक–७ | ४२ | ३६ | ३८ | ३२ | ३७ | ३२ |
| ३ | श्री सुबजनी प्रा.वि. यासोक–४ | ४१ | ३४ | ३८ | ३३ | ३८ | ३२ |
| ४ | श्री ओर्दिन कुसायक प्रा.वि.यासोक–८ | ४० | ३५ | ३७ | ३२ | ३६ | ३२ |
| ५ | श्री सिद्धेश्वर प्रा.वि. यासोक–२ | ४३ | ३९ | ३९ | ३३ | ३८ | ३२ |
| | जम्मा औसत | ४२ | ३६.४ | ३८.४ | ३२.८ | ३७.६ | ३२.२ |

स्रोतः बार्षिक उपलब्धि परीक्षा –२०६६, पाँचथर (यासोक स्रोत केन्द्र)

माथिको तालिकामा छात्रा छात्रवृत्ति पाउने र नपाउने छात्राहरुको कक्षा ५ को बार्षिक उपलब्धि परीक्षाको विषयगत औसत प्राप्ताङ्कको स्थितिलाई तुलनात्मक रुपमा देखाइएको छ । छात्रा छात्रवृत्ति पाउने छात्राहरुको औसत प्राप्ताङ्क मध्ये ३ वटै विषयको औसत प्राप्ताङ्क मध्ये अमृत प्रा.वि. यासोक ३ को सवै भन्दा बढी ४१ छ भने सवैभन्दा कम ओर्दिन कुसायक प्रा.वि. यासोक-८ को ३७.६६ रहेको छ । ५ वटै विद्यालयको ३ वटै विषयको कूल औसत उपलब्धि छात्रवृत्ति पाउनेहरुको ३९.३३ तथा छात्रवृत्ति नपाउनेहरुको ३३.८० छ । छात्रा छात्रवृत्रि पाउने र नपाउने दुवै प्रकारका छात्राहरुको बार्षिक उपलब्धि परीक्षाबाट प्राप्त सिकाइ उपलब्धि उत्साहजनक नदेखिए पनि छात्रवृत्ति नपाउने छात्राको भन्दा छात्रवृत्ति पाउने छात्राको कूल औसत उपलब्धि ५.५३ ले बढी छ । छात्रा छात्रवृत्तिका प्रभावले यो उपलब्धि बढेको हो ।

आवश्यकताका श्रृंखलाहरुमध्ये  आधारभूत आवश्यकता नै पहिलो आवश्यकता हो र सो को परिपूर्ति विना अन्य आवश्यकताका निमित्त मानिस प्रेरित हुँदैन भन्ने मास्लोको भनाइ यस तालिकामा पुष्टि भएको छ । छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि नपाउनेको भन्दा बढी भएको पाइएबाट मास्लोको सिद्धान्त पुष्टि भएको हो । यसबाट सवैलाई छात्रवृत्ति उपलब्ध गराउन सके सिकाइ  उपलब्धिमा अझै सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

त्यस्तै छात्रवृत्ति पाउने दलित विद्यार्थीको २०६६ सालको नेपाली,अंग्रेजी र गणित विषयको अध्ययनमा संलग्न विद्यालयको कक्षा ५ को सिकाइ उपलब्धि बार्षिक उपलब्धि परीक्षा –२०६६ को आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२, दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि स्थिति –२०६६,कक्षा ५**

| क्र. सं. | विद्यालयको नाम | औसत प्राप्ताङ्क/सिकाइ उपलब्धि | | | कैफियत |
|---|---|---|---|---|---|
| | | नेपाली | गणित | अंग्रेजी | |
| १ | श्री अमृत प्रा.वि.यासोक –३ | ४० | ४० | ३९ | |
| २ | श्री सिद्धशरण प्रा.वि. यासोक–७ | ३९ | ३८ | ३७ | |
| ३ | श्री सुबजनी प्रा.वि. यासोक–४ | – | – | – | दलित नभएको |
| ४ | श्री ओर्दिन कुसायक प्रा.वि.यासोक–८ | ३८ | ३८ | ३६ | |
| ५ | श्री सिद्धेश्वर प्रा.वि. यासोक–२ | ३९ | ३९ | ३७ | |
| | जम्मा औसत | ३९ | ३८.७५ | ३७.२५ | |

स्रोतः बार्षिक उपलब्धि परीक्षा –२०६६ ,पाँचथर (यासोक स्रोत केन्द्र)

माथिको तालिकामा दलित छात्रवृत्ति पाउने ४ वटै विद्यालयका विद्यार्थीमध्ये अमृत प्रा.वि.को ३ वटै विषयको औसत सिकाइ उपलब्धि सवैभन्दा बढी ३९.६६ छ भने ओर्दिन कुसायक प्रा.वि.को सवैभन्दा कम ३७.३३ छ । एउटा विद्यालय सुब्जनी प्रा.वि.मा भने दलित विद्यार्थी नै छैनन् । अमृत प्रा.वि. का छात्रवृत्ति नपाउनेहरुको ३ वटै विषयको औसत सिकाइ उपलब्धि ३५ भन्दा सोही विद्यालयका दलित छात्रवृत्ति पाउने विद्यार्थीको ३ वटै विषयको औसत सिकाइ उपलब्धि २.३३ ले बढी छ । त्यस्तै छात्रवृत्ति नपाउनेहरुको ३ वटै विषयको

औसत सिकाइ उपलब्धि ३३.८० भन्दा दलित छात्रवृत्ति पाउने सवै विद्यालयको ३ वटै विषयको औसत सिकाइ उपलब्धि ३८.३३ चाहिं ४.५३ ले बढी छ । यसरी दलित छात्रवृत्तिले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

आवश्यकताका श्रृंखलाहरुमध्ये आधारभूत आवश्यकता नै पहिलो आवश्यकता हो र सो को परिपूर्ति विना अन्य आवश्यकताका निमित्त मानिस प्रेरित हुँदैन भन्ने मास्लोको भनाइ यस तालिकामा पुष्टि भएको छ । छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि नपाउनेको भन्दा बढी भएको पाइएबाट मास्लोको सिद्धान्त पुष्टि भएको हो । यसबाट सबैलाई छात्रवृत्ति उपलब्ध गराउन सके सिकाइ उपलब्धिमा अझै सकारात्मक प्रभाव पर्ने देखिन्छ । त्यस्तै दलितलाई सकारात्मक विभेदका आधारमा छात्रवृत्ति दिएपछि उनिहरुको सिकाई उपलब्धि बढेकोबाट फ्रेरेको उत्पीडितका लागि शिक्षाको सिद्धान्त पनि यहाँ पुष्टि भएको छ ।

## ४.४. छात्रवृत्ति रकम,वितरण प्रक्रिया,समय र यस सम्बन्धी जागरण

पाँचथर जिल्लाको पृथ्वी उच्च मा.वि. यासोक स्रोतकेन्द्रका पाँचवटा सामुदायिक प्राथमिक विद्यालयहरुको सेवाक्षेत्रमा छात्रा छात्रवृत्ति र दलित छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा केन्द्रित यस अध्ययनमा छात्रा र दलित छात्रवृत्ति रकम र वितरण प्रक्रिया सम्बन्धी जानकारी, प्रचार प्रसार ,वितरणको समय र छात्रवृत्ति प्रतिको दृष्टिकोण सम्बन्धमा अध्ययन क्षेत्रका वि.नि.,स्रोत व्यक्ति ,शिक्षक,अभिभावक,विद्यार्थी र जि.शि.अ. संग गरिएको अन्तरक्रिया, छलफल तथा प्रश्नावलीबाट प्राप्त प्रतिक्रियाहरुलाई संकलन गरी ब्याख्या एवं विश्लेषण गरिएको छ ।

### ४.४.१. वितरित छात्रवृत्ति रकमको विश्लेषण

छात्रवृत्ति रकम प्रति विद्यार्थी बार्षिक रु. ३५०।– वितरण गर्ने ब्यवस्था गरिएकोमा वर्तमान अवस्थाको तीव्र गतिमा बढिरहेको महंगीको तुलनामा अत्यन्तै न्यून भएको र “हात्तीको मुखमा जीरा” भने जस्तै भएर छात्रवृत्ति वितरण गरिनुको उद्देश्य पुरा गर्न नसकेकोले रकम बढाउनु पर्ने र कोटा संख्या समेत लक्षित समूहको संख्याको अनुपातमा पर्याप्त हुने गरी बढाइनु पर्ने अन्तरक्रिया ,छलफल र प्रश्नावलीमा संलग्न सबैको भनाई पाइयो । संकलित प्रश्नावली र अन्तरक्रियाको विश्लेषणबाट निम्न निष्कर्ष प्राप्त भएको छ :

**तालिका १३, छात्रवृत्तिको रकम र कोटा पर्याप्त छ ? मत, तालिका**

| विवरण | छात्रवृत्ति रकम | | | | छात्रवृत्ति कोटा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पर्याप्त छ | | बढाउनु पर्छ | | पर्याप्त उपलब्ध छैन | | पर्याप्त उपलब्ध भएको छ | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अभिभावक | – | – | १० | १००% | ६ | ६०% | ४ | ४०% |
| शिक्षक | – | – | २० | १००% | ११ | ५५% | ९ | ४५% |
| विद्यार्थी | – | – | २० | १००% | १३ | ६५% | ७ | ३५% |

स्रोतः स्थलगत सर्वेक्षण –२०६६

उपर्युक्त तालिकाबाट छात्रवृत्ति रकम ज्यादै कम भएको तथा रकम र कोटा समेत बढाउनुपर्छ भन्ने प्रष्ट हुन्छ, किनकि रकम कम भएको भनी १००% अभिभावक ,१००%,शिक्षक, १००% विद्यार्थीले मत प्रकट गरेका छन् भने ६०% अभिभावक ,५५% शिक्षक, ६५% विद्यार्थीले छात्रवृत्तिको कोटा संख्या बढाउनु पर्ने मत प्रकट गरेका छन् ।

छात्रवृत्तिको रकम र कोटा संख्याको अवस्थाको बारेमा विद्यालय निरीक्षक र जि.शि.अ. संग अभिमत मागिएको थियो । आफ्नो अभिमत प्रकट गर्दै जि.शि.अ. श्री अर्जुन निरौलाले बर्तमान अवस्थाको तीव्र गतिमा बढ्दो महंगीको अनुपातमा छात्रवृत्तिको रकम ज्यादै न्यून भएको र यो रकम कम्तीमा पनि बर्षभरी पुग्ने गरी कापी,कलम र पोशाक समेत किन्न पुग्ने गरी हुनुपर्नेमा बर्तमानमा कापी र कलम मात्र पनि बर्षभरि पुग्ने किन्न मुस्किलले मात्र पुग्ने भएको बताउनुभयो । उता छात्रवृत्तिको कोटा सम्बन्धमा भने वहाँले गरीव तथा जेहेन्दारको सही पहिचान गरी तथा उपस्थितिलाई समेत मध्यनजर गरेर बाँडेदेखि धेरै ठूलो मात्रमा कोटा संख्या बढाउनु नपर्ने तथा यो संख्या सेवाक्षेत्रका र विद्यालयमा भर्ना हुन आउने लक्षित समूहको संख्यामा समेत भर पर्ने बताउनु भयो । विद्यालय निरीक्षक श्री हरिहर घिमीरेको समेत त्यस्तै अभिमत रहेको पाइयो ।

समष्टिमा लक्षित समूहको आवश्यकता हेरी शिक्षाको न्यूनतम लागत व्यहोर्ने सम्मको रकमको व्यवस्था छात्रा तथा दलित छात्रवृत्ति कार्यक्रममा राखिनु पर्ने कुरामा उत्तरदाताले जोड दिएका छन् । मानिसका आवश्यकताका श्रृंखलामध्ये पहिलो आवश्यकता शारीरिक आवश्यकता हो । यस अन्तर्गत खाना,बास,कपडा आदि पर्छन् । यसको पूर्ति नभइ मानिस

अन्य थप आवश्यकताका लागि प्रेरित हुन सक्दैन भन्ने अब्राहम् मास्लोको अभिप्रेरणाको सिद्धान्त यस तालिकामा पुष्टि भएको छ ।

## ४.४.२ छात्रवृत्ति वितरण प्रक्रियाको विश्लेषण

दलित र छात्रा छात्रवृत्ति वितरण प्रक्रिया सम्बन्धमा अध्ययन क्षेत्रमा गरिएको प्रत्यक्ष अवलोकन भेटवार्ता,अन्तरक्रिया एवं अभिभावक, विद्यार्थी ,शिक्षकलाई भराइएको प्रश्नावलीको विश्लेषण गर्दा केही विद्यालयले मात्र विद्यालयलाई प्राप्त कोटाको आधारमा औपचारिक रुपमा कार्यक्रमको आयोजना गरेर सरोकारवालाको समेत उपस्थितिमा औचित्य र महत्व बताएर छात्रवृत्ति वितरण गर्ने गरेको,धेरैजसो विद्यालयले प्राप्त कोटाको जम्मा रकमलाई दलित विद्यार्थी र छात्राहरुको सम्पूर्ण संख्याले भाग गरी दामासाहीले दलित र छात्रा छात्रवृत्ति शीर्षकमा प्राप्त रकमको आधारमा विभाजन गरी बाँड्ने गरेको पाइयो । औपचारिक कार्यक्रमको आयोजना गरेर छात्रवृत्तिको औचित्य बताएर बाँड्ने नगरिनु तथा दामासाहीले बाँडिनुले सही अर्थमा छात्रवृत्तिको उपयोग हुन नसक्ने र कम प्रभावकारी भएको पाइयो । यसै पनि कम भएको छात्रवृत्ति रकमलाई धेरैजनालाई पुऱ्याउन दामासाहीले बाँडिनुले गर्दा आवश्यक कापी कलम समेत किन्न नपुग्ने,औचित्य नवताइनुले तथा प्रभावकारी निरीक्षण अनुगमन नहुनुले यस रकमको सदुपयोग नभई अन्य कार्यमा नै रकम खर्च हुनसक्ने सम्भावना रहेको समेत स्थानीय वुद्धिजिवीको अभिमत रहेको पाइयो । छात्रवृत्तिको प्रभावकारीता बढाउन के गर्नुपर्ला ? भनी गरिएको प्रश्नको जवाफमा आफ्नो अभिमत प्रकत गर्दै पाँचथरका जि.शि.अ. श्री अर्जुन निरौलाले छात्रवृत्तिको औचित्य बताएर, विद्यालयमा हाँजिरी र जेहेन्दारिता हेरेर सबै दलित वा छात्रालाई भन्दा पनि दलित र छात्राभित्र पनि ,गरिवी,जेहेन्दारिता र विद्यालयमा नियमितता हेरी ८० प्रतिशत भन्दा बढी हाजिर हुनेलाई मात्र पर्याप्त कापी कलम किन्न पुग्ने गरी रकम बढाएर समयमा नै वितरण गरिनुपर्ने ,आर्थिक क्षमता उच्च भएका दलित वा छात्रा भए पनि उनिहरुको सट्टा अन्य नै भए पनि वा उच्च जातकै वा छात्र नै भए पनि निम्न आर्थिक अवस्था भएको तर पढ्न इच्छा गर्ने विद्यार्थीलाई वितरण गरिनु पर्ने, छात्रवृत्ति सम्बन्धी सचेतता अभिवृद्धि गरिनुपर्ने एवं छात्रवृत्ति सम्बन्धी अभिभावक र शिक्षक दुवैको मनोबृत्तिमा सुधार ल्याउने प्रकारका कार्यक्रम गरिनुपर्ने बताउनु भयो । यस सम्बन्धमा प्राप्त तथ्याङ्कलाई निम्न बमोजिम विश्लेषण गरिएको छ :

### तालिका १४, छात्रवृत्ति कसलाई कसरी वितरण गर्ने ? मत तालिका

| विवरण | कसलाई दिने ? | | | | कसरी दिने ? | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी | | अभिभावक | | सभा/समारोह गरेर एवं औचित्य बताएर | | सामान्य ढंगले | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अभिभावक | ६ | ६०% | ४ | ४०% | ८ | ८०% | १ | २०% |
| शिक्षक | १३ | ६५% | ७ | ३५% | १७ | ८५% | ३ | १५% |
| विद्यार्थी | ९ | ४५% | ११ | ५५% | १९ | ९५% | १ | ५% |

स्रोतः स्थलगत सर्वेक्षण –२०६६

उपरोक्त तालिकाबाट अभिभावकको समेत रोहबरमा विद्यार्थीलाई बिशेष सभा/समारोहको आयोजना गरी औपचारिक रुपमा औचित्य र महत्व समेत वताई वितरण गरिनु पर्नेमा अभिभावक, शिक्षक, स्रोतब्यक्तिको बढी मत रहेकोबाट यसो गरिनु प्रभावकारी हुने प्रष्ट हुन्छ ।

## ४.४.३. छात्रवृत्ति वितरण गर्ने समयको विश्लेषण

उपयुक्त समयमा गरिएको कार्यक्रम नै प्रभावकारी हुने र त्यसको महत्व पनि बढी हुने तर उचित समयमा वितरण हुन नसके त्यसको औचित्य नहुने भएकोले छात्रवृत्ति वितरण उचित समयमा हुनु उपयुक्त हुन्छ । यस सम्बन्धमा अभिभावक,शिक्षक,वि.नि., स्रोतब्यक्तिबाट प्राप्त प्रश्नावलीको प्रतिक्रिया तथा अन्तरक्रियामा ब्यक्त अभिमत प्रतिक्रियाको निष्कर्षलाई निम्न अनुसार विश्लेषण गरिएको छ :

### तालिका १५, छात्रवृत्ति वितरण गर्ने समय मत तालिका

| समय | अभिभावक | | विद्यार्थी | | शिक्षक | | वि.नि. | | स्रोतब्यक्ति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शै.स.को सुरुमा | ७ | ७० | १४ | ७० | १६ | ८० | ३ | ७५ | ३ | ७५ |
| शै.स.को विचमा | २ | २० | ४ | २० | ३ | १५ | १ | २५ | १ | २५ |
| शै.स.को अन्त्यमा | १ | १० | २ | १० | १ | ५ | ० | ० | ० | ० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६

उपर्युक्त तालिकाबाट छात्रवृत्ति शैक्षिक सत्रको सुरुमा नै वितरण गरिनुपर्ने अभिमत बढी भएको पाइन्छ । अध्ययन समूहका विद्यालयमा अध्ययनको क्रममा धेरै जसो विद्यालयमा छात्रवृत्ति वितरण शैक्षिक सत्रको सुरुमा नभएर ,विचमा वा अन्त्यतिर मात्र गर्ने गरेको पाइयो । यसको कारण बारे प्रश्नगर्दा अधिकांश शिक्षक, प्र.अ.ले रकम निकासा नै ढिलो भएको र यसलाई सुधार्न  शै.स. को सुरुमा नै वितरण गर्न भ्याउने गरी चाडै निकासा गरिदिएर त्यसको जानकारी पत्र समेत विद्यालयमा उपलब्ध गराउनु पर्ने बताउनु भयो । यस सम्बन्धमा वि.नि. र जि.शि.अ. ज्यू लाई प्रश्न गर्दा कतिपय अवस्थामा जि.शि.का.मा रकम प्राप्त हुन नै ढिलाई भएको र कतिपय अवस्थामा विद्यालयले निकासा भएको कुरा ढिलो मात्र थाहा पाएर ढिलाई हुने गरेको वताउनुभयो ।

### ४.४.४. छात्रवृत्ति सम्बन्धी जागरणको विश्लेषण

छात्रवृत्ति वितरण हुन थालेको निक्कै लामो समय वितिसकेको भए ता पनि हालसम्म कतिपय अभिभावक तथा विद्यार्थी स्वयम् पनि छात्रवृत्ति एवं यसको उपयोग सम्बन्धमा अनभिज्ञ नै रहेको अवस्था छ । प्र.अ. एवं वि.ब्य.स. ले इमान्दारितापूर्वक नियमित रुपमा यथा समयमा नै चासो राखेर,ब्यापक प्रचार प्रसार गरी समारोहको आयोजना गरेर यसको औचित्य समेत बताई एवं सम्बन्धित विद्यार्थी र अभिभावकको हातमा पर्ने गरी वितरण गर्ने गरेमा छात्रवृत्तिको प्रभावकारिता बढ्ने देखिन्छ । छात्रवृत्ति कस्को लागि ? किन /के को लागि ? भन्ने कुरा सम्बन्धित पक्षले बुझेमा यो प्रभावकारी हुने हुन्छ । उचित समयमा उचित रकम सम्बन्धित ब्यक्ति आफैंले पाउने ब्यवस्था मिलाइनुका साथै यसको उपयोग, औचित्य र महत्व बुझाएर अनि सही रुपमा आवश्यकता पहिचान गरी आवश्यकता बढी नै भएका सवैलाई वितरण गर्ने गरेमा साथै सम्बन्धित पक्ष सचेत जागरुक हुने र सम्बन्धित र सरोकारवालाको चासो र सहभागिता हुने अवस्था सिर्जना गरी जिम्मेवारीपूर्ण एवं प्रभावकारी निरीक्षण अनुगमनको ब्यवस्था गर्न सके मात्र छात्रवृत्ति प्रभावकारी हुने देखिन्छ ।

अध्ययन समूहका विद्यार्थी र अभिभावकलाई छात्रवृत्ति सम्बन्धी जानकारी भए नभएको सोध्दा निम्न प्रतिक्रिया पाइयो :

**तालिका १६, छात्रवृत्ति सम्बन्धी जानकारीबारे मत तालिका**

| विवरण | जानकारी | | | | प्रचार प्रसारको आवश्यकता | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छ | | छैन | | छ | | छैन | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अभिभावक | १५ | ७५% | ५ | २५% | १८ | ९०% | २ | १०% |
| विद्यार्थी | १५ | ७५% | ५ | ५% | १६ | ८०% | ४ | २०% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६

उपर्युक्त तालिकाबाट छात्रवृत्तिको बारेमा सुनेको भए पनि यसबारे सम्पूर्ण जानकारी नभएको,आवश्यकता,उपयोग र महत्वबारे सम्बन्धित अभिभावक एवं विद्यार्थीलाई सजग र सचेत बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

प्राथमिक तहमा वितरित दलित एवम् छात्रा छात्रवृत्तिको प्रभाबकारिता अध्ययन गर्नको लागि छात्रवृत्तिले विद्यार्थी नियमितता र शैक्षिक उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्ने,छात्रवृत्तिले अपेक्षित रुपमा सकारात्मक प्रभाव पार्न सके नसकेको पत्ता लगाउने,वितरण प्रक्रिया कस्तो अवलम्बन गरिएको छ र सो कतिको सही छ ? पत्ता लगाउने एवं छात्रवृत्ति वितरणका समस्याहरु / कमजोरीहरु पत्ता लगाई सुधारको लागि सुझाव प्रस्तुत गर्ने उद्देश्यले पाँचथर जिल्लाको पृथ्वी उच्च मा.वि. यासोक स्रोतकेन्द्र यासोकका सामुदायिक प्राथमिक विद्यालयहरुमा गरिएको यस अध्ययनको प्राप्ती,निष्कर्ष र सुझावलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

## ५.२. प्राप्ति

प्राथमिक विद्यालय तहमा वितरित दलित एवं छात्रा छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा प्राप्त प्राथमिक तथा द्वितीय तथ्याङ्क, प्रतिक्रिया, प्रश्नोत्तर, छलफल,सोध खोज तथा अनुसन्धानबाट यस सम्बन्धी निम्नानुसारको प्राप्तिहरुलाई उल्लेख गरिएको छ :

गरीवी /विपन्नताको कारण तथा छात्रवृत्ति रकम न्यून रहेको अनि ढिलो वितरण गरिदा छात्रवृत्तिको रकम अन्य कार्यमा खर्च भई तथा समयमै किन्न नपाएर पूर्णरुपमा सदुपयोग नभएको पाइयो भने छात्रवृत्ति वितरण पश्चात विद्यार्थीको उपस्थिति र सिकाइ उपलब्धिमा वृद्धि भएको पाइयो । त्यस्तै छात्रवृत्ति वितरण पश्चात् विद्यार्थीको गृहकार्य गर्ने बानी र कक्षा सहभागितामा सुधार भएको पाइयो । छात्रवृत्ति वितरण गर्दा सरोकारवाला सवैको संलग्नतामा औचित्य र महत्व वताई वितरण कार्य नगर्दा तथा छात्रबृत्ति सम्बन्धी जागरुकता ,सचेतता वढाउने, अभिभावक शिक्षा सम्बन्धी कार्यक्रम गर्ने नगर्दा छात्रवृत्तिको प्रभावकारीता अपेक्षाकृत रुपमा बढ्न नसकेको पाइयो। विद्यार्थी संख्याको अनुपातमा आवश्यक भन्दा कम कोटा पाउने विद्यालयले छात्रवृत्ति रकम दामासाहीले वितरण गरेको पाइएको र जसबाट चुहावट हुने संभावना समेत रहेको, वितरण प्रणाली औचित्यहीन भएको तथा रकम र कोटा दुवै ज्यादै न्यून भई प्रभावकारी हुन नसकेको पाइएको छ । एक बर्ष वा दुई बर्ष मात्र छात्रवृत्ति पाउनेको भन्दा लगातार छात्रवृत्ति पाउने विद्यार्थीको नियमितता र सिकाइ उपलब्धि राम्रो रहेको पाइयो ।

## ५.३. निष्कर्ष

प्राथमिक विद्यालय तहमा वितरित दलित एवं छात्रा छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा गरिएको अध्ययनमा अध्ययन क्षेत्र तथा अध्ययन क्षेत्रको जनसंख्याबाट प्राप्त तथ्याङ्कहरु, प्रतिक्रिया,सुझाव एवं उपलब्धिको ब्याख्या र विश्लेषण बाट छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको विद्यालयमा उपस्थिति दर बढ्दै गएको र एकबर्ष मात्र छात्रवृत्ति  पाउने भन्दा लगातार छात्रवृत्ति पाउने विद्यार्थीहरुको नियमितता राम्रो भएको देखिन्छ । केही विद्यालयले छात्रवृत्ति कोटा पर्याप्त प्राप्त नभएकोले वितरणको समस्या टार्न  दलित छात्रवृत्ति बापत प्राप्त रकम सवै दलितलाई र छात्रा छात्रवृत्ति वापत प्राप्त रकम सवै छात्रालाई दामासाहीले वितरण गरेको हुँदा छात्रवृत्ति रकम अत्यन्तै न्यून भई अर्थहीन भएको पाइएको छ । छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको सिकाइ उपलब्धि क्रमशः बढ्दै गएको ,उपस्थिति बढ्दै गएको,कक्षाकार्य र गृहकार्य गर्ने बानीमा सुधार आउँदै गएको छ ।

यसमा पनि लगातार छात्रवृत्ति पाउने विद्यार्थीहरुको शैक्षिक उपलब्धि अरुको भन्दा अझ बढी राम्रो रहेकोबाट छात्रवृत्तिले सिकाई उपलब्धि र उपस्थितिमा सकारात्मक प्रभाव पारेको देखिन्छ । छात्रवृत्ति रकम न्यून भएको तथा वितरण प्रक्रिया र समय उचित एवं प्रभावकारी नभएकोले दलित तथा छात्रा छात्रवृत्तिले अपेक्षाकृत सकारात्मक प्रभाव पार्न सकेको छैन । छात्रवृत्तिको प्रयोग ,उपयोगिता र यस सम्बन्धी सचेतता सम्बन्धमा जिल्ला, स्रोतकेन्द्र र विद्यालयले कुनै कार्यक्रम गर्ने नगरेकोले अपेक्षाकृत रुपमा छात्रवृत्तिको प्रभावकारिता बढ्न सकेको छैन । छात्रवृत्ति वितरणको प्रभावकारी निरीक्षण ,छड्के वा आकस्मिक निरीक्षण र अनुगमन हुने गरेको छैन ।

छात्रवृत्ति वितरण गर्दा औपचारिक समारोहको आयोजना गरी औचित्य र महत्व बताई वितरण गर्नुपर्छ भन्ने मत बढी भए पनि विद्यालयमा सामान्य ढंगले अभिभावक बोलाएर वा विद्यार्थी स्वयम्लाई छात्रवृत्ति वितरण गर्ने गरेकोले प्रभावकारी रुपले वा पूर्ण रुपमा यसको सदुपयोग हुन नसकेको देखिन्छ ।  समग्रमा दलित एवं छात्रा छात्रवृत्तिले सकारात्मक प्रभाव पारेको पाइएको छ ।

## ५.४. सुझाव

पाँचथर जिल्लाको पृथ्वी उच्च मा.वि. यासोक स्रोतकेन्द्रका सामुदायिक प्राथमिक विद्यालयमा आधारित प्राथमिक तहमा वितरित दलित एवं छात्राछात्रवृत्तिको प्रभावकारिता वढाउन अधिकतम सदुपयोग गरी विद्यार्थीहरुलाई लाभान्वित गराउन र यसको प्रभावकारिता वृद्धि गर्न देहाय अनुसारका सुझावहरु प्रस्तुत गर्न सकिन्छ :

सही संख्यामा कोटा नपाउँदा प्रभावकारिता कम भएको देखिएकोले दलित एवं छात्रा छात्रवृत्ति कोटा निर्धारण गर्दा जिल्लाबाट सम्प्रेषण गरिएको वास्तविक तथ्याङ्कको आधारमा गरिनुपर्छ । वास्तविक आवश्यकता अनुसारको कोटा पाउन जिल्ला शिक्षा कार्यालयले समय मै सम्पूर्ण विद्यालयबाट बास्तविक तथ्याङ्क लिने र विद्यालयले पनि दरवन्दी टिकाइराख्ने लोभमा परी संख्या बढाउने काम नगरेर उचित समयमा नै वास्तविक तथ्याङ्क विवरण भरेर पेश गर्नुपर्छ । सही उपभोगको लागि निर्धारण गरिएको कोटा अनुसारको रकम केन्द्र र जिल्लाले समयमा नै विद्यालय मार्फत विद्यार्थीको हातमा पुग्ने गरी निकासाको ब्यवस्था गर्ने गरिनुपर्छ । वितरणमा सहजता ल्याउन विद्यालयले सरोकारबालाहरुको सहभागितामा स्पष्ट शैक्षिक उन्नयनका आधारहरु तय गरी गरीवी,जेहेन्दारिता,नियमिततालाई आधार मानी छात्रवृत्ति वितरण गरिनुपर्छ । पढाई प्रति उत्प्रेरित गर्न दलित वा छात्रा मात्र नभनी समग्रमा गरीवीको स्तर,नियमितता, लगनशीलता लाई आधार मानी विद्यार्थी छनौटको ठोस आधार बनाएर छात्रवृत्ति दिइनुपर्छ , किनकि सवै दलित गरिव छैनन् र सवै गैह्र दलित छात्रवृत्ति नदिए हुनेगरी सक्षम तथा सम्पन्न छैनन् । यसका साथै छात्रवृत्रि वितरणको बेला मात्र विद्यालयमा हाजिर भई पढाईलाई प्राथमिकता नदिने लाई छात्रवृत्ति दिनु अर्थहीन हुनेभएकोले यस तर्फ पनि सोच्नु पर्ने  हुन्छ । सही सदुपयोगको लागि छात्रवृत्ति रकमलाई विद्यार्थीको शैक्षिक आवश्यकता संग जोडेर बर्षभरीको लागि पुग्नेगरी न्यूनतम शैक्षिक सामग्री किन्न पुग्ने गरी वृद्धि गरेर वितरण गर्ने ब्यवस्था मिलाइनुपर्छ । त्यस्तै छात्रवृत्ति रकमको सदुपयोग गराउन सम्बन्धित अभिभावकलाई सचेत बनाउने वा नीजको बालबालिकालाई आवश्यक पर्ने सामग्री र कापी कलम ,पोशाक लगायतका शैक्षिक सामग्री शिक्षककै रोहबरमा खरिद गर्न लगाउने र समय समयमा सामग्रीको प्रयोगको  अनुगमन गर्ने ब्यवस्था गर्ने वा छात्रवृत्ति दिने घोषणा शै.स.को सुरुमा नै सभा समारोह मार्फत गरेर विद्यालयले मासिक रुपमा आवश्यक सामग्री खरीद गर्न निर्देशन दिने वा सामग्री नै दिने ब्यवस्था गरिदिएर सदुपयोग गर्न प्रोत्साहित गर्नुपर्छ । वितरणलाई पारदर्शी पार्न छात्रवृत्ति वितरणको सम्बन्धित निकायबाट प्रभावकारी निरीक्षण र अनुगमन गरिनुपर्छ । यसका साथै अनुगमन र नियन्त्रणका लागि केन्द्रदेखि गाउँ स्तरसम्म निश्चित संयन्त्र बनाई संचालन गरिनुपर्छ र सम्बन्धित संघसंस्था तथा स्थानीय निकायले समेत अनुगमन गर्ने र अनुगमन प्रतिवेदनको आधारमा आगामी कार्यनीति तय गर्ने एवं अनुगमन प्रतिवेदन कार्यान्वयन गर्ने ब्यवस्था गरिनुपर्छ । वितरण प्रभावकारी बनाउन छात्रवृत्ति वितरण प्रणाली पारदर्शी ,प्रचारमूलक

बनाइनुको साथै विद्यालयलाई पारदर्शी र जिम्मेवारीपूर्ण बनाइनुपर्छ । यसका साथै छात्रवृत्ति रकमको दुरुपयोग गर्ने र चुहावट गर्ने विद्यालय वा प्रधानाध्यापक लाई कारबाहीको व्यवस्था गरिनुपर्छ । छात्रवृत्तिको कोटा निर्धारण देखि लिएर वितरण र प्रयोगसम्म प्रभावकारिता वृद्धि गर्न सम्बन्धित विद्यार्थी,अभिभावक, शिक्षक, प्र.अ., स्रोतव्यक्ति,वि.नि.र संबन्धित निकायका प्रमुख समेतको मनोवृत्ति सकारात्मक हुनुपर्ने भएकाले यसको लागि आवश्यक व्यवस्था (प्रचार प्रसार, गोष्ठी, छलफल र संयन्त्र निर्माण) गरिनु पर्छ । साँच्चै प्रभावकारी पार्न छात्रवृत्ति वितरण गर्दा सरोकारवालाको सहभागितामा यसको औचित्य र महत्व बुझाएर मात्र दिने तथा रकम पायो / पाएन भन्ने मात्र भन्दा पनि के काममा कसरी उपयोग भयो र हुनुपर्ने हो भनी अनुगमन गरिनुपर्छ ।